Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- १७, २०८२ साल मंसिर २ गते मंगलवार (November 18, 2025)
www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**


अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# पुराभयो रातीमा क्रिकेट खेल्ने सपना


तस्विरः एपी तोलाङ

■ मोहन कार्की

**काठमाडौं–** सोमबारदेखि नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको दोस्रो संस्करणमा शुरु भएको छ । नेपालको गौरवपुर्ण खेलको रुपमा हेरिएको टि टवान्टी क्रिकेट किर्तिपुर स्थित अन्तराष्ट्रिय स्टेडियममा खेलहरु भईरहेका छन् । नव निर्मित दश हजार क्षमता प्याराफिट सहित बनेको मैदानमा नेपाली क्रिकेटरहरुले इतिहासमै पहिलोपटक फ्लडलाइटको उज्यालोमा खेल्न पाएका छन् ।

उक्त उदघाटन खेलमा गएको पहिलो एनपिएल सिजनमा प्रतियोगिताको ट्रफी उचालेको जनकपुर वोल्ट र काठमाडौ गोर्खाज टिमले प्रतिस्पर्धा गरेका छन् । पहिलो खेलमा काठमाडौ गोर्खाजले सिजन वानको विजेता जनकपुर वोल्टलाई पराजित गरेर जितको खाता खोलेको छ । काठमान्डुका कप्तान करण केसीले टस जितेर बलिङ रोजेका थिए । जनकपुरले त्यति राम्रो योगफल खडा गर्न नसक्दा काठमान्डुले सहज जित हात पारेको छ । खेलमा दुवै टोलीका लागि युवा खेलाडीले पनि मौका पाएका थिए । काठमान्डुका लागि युवा खेलाडी सन्तोष यादवको प्रदर्शन राम्रो रहेको थियो । यता जनकपुरका मयन यादवले पनि संयमित ब्याटिङ गरेका थिए । काठमान्डु गोर्खाजका अमेरिकी » बाकी ६ पृष्ठमा

# मन्त्री पुनको आक्रोश : दल दर्ताको होडबाजीले जेनजी आन्दोलनको लक्ष्य तुहिन्छ



**काठमाडौं–** शिक्षा विज्ञा तथा प्रविधिमन्त्री महावीर पुनले जेनजी अगुवाहरु नै दल दर्ताको होडबाजीमा लागेपछि असन्तुष्टि व्यक्त गरेका छन् ।

जेनजी आन्दोलनपछि जेनजी अगुवाहरुले नै छुट्टाछुट्टै दल दर्ता गरेको भन्दै उनले असन्तुष्टि व्यक्त गरेका हुन् । मन्त्री पुनले सोमबार सामाजिक सञ्जालमा दल दर्ताको समाचार शेयर गर्दै फुट्ने र सानोतिनो कुरामा नमिलेर दल दर्ताको होडबाजी चल्नु घातक हुने बताएका हुन् । उनले जेनजीहरूले आफ्नो खाल्डो आफैं खन्न लागेको भन्दै आक्रोशसमेत व्यक्त गरेका छन् । » बाकी ६ पृष्ठमा

# गणतन्त्र नै उत्तम व्यवस्था हो : मुख्यमन्त्री बानियाँ



**काठमाडौं–** बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले संघीय लोकतान्त्रिक गणतन्त्र नै उत्तम व्यवस्था भएको बताएका छन् । बागमती प्रदेश सरकारले आइतबार आयोजना गरेको संघीय लोकतान्त्रिक गणतन्त्र: चुनौती र अवसर अन्तरसंवाद कार्यक्रमका उनले यस्तो बताएका हुन् । गणतन्त्र गरिब जनताको छोरो पनि राष्ट प्रमुख बन्न पाउने व्यवस्था भएको उनको भनाइ छ ।

व्यक्ति बदल्न पाउने, दल बदल्न पाउने, » बाकी ६ पृष्ठमा

# सञ्चारमन्त्री खरेल स्वदेश फिर्ता



**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल गणतन्त्र कोरियाको सिओलमा आयोजना भएको ११औं 'ग्लोबल आइसिटी लिडरसिप फोरम'मा सहभागी भएर आज स्वदेश फिर्ता भएका छन् ।

मन्त्री खरेल फोरममा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही कात्तिक २५ गते दक्षिण कोरिया गएका थिए ।

कोरियाको विज्ञान र आइसिटी (एमएसआइटी) मन्त्रालय तथा नेसनल इनफर्मेसन सोसाइटी एजेन्सी (एनआइए) सँगको संयुक्त आयोजनामा सिओलमा आइसिटी लिडरसिप फोरम आयोजना गरिएको हो ।

फोरममा 'डिजिटल' र 'एआई ट्रान्सफर्मेसन: स्ट्राटिजिस एन्ड च्यालेन्ज' र 'ग्लोबल कोअपरेसन फर सस्टेनेबल डिजिटल फ्युचर' विषयमा दुई सत्र सञ्चालन भएका थिए ।

सञ्चारमन्त्री खरेलले 'ग्लोबल आइसिटी लिडरसिप फोरम' डिजिटल नेपाल र डिजिटल ट्रान्सफरमेसनका लागि लिडरसिप फोरम उपलब्धिपूर्ण र फलदायी भएको बताए ।

नेपालले विशेषगरी डिजिटल तथा एआई ट्रान्सफरमेसनको सन्दर्भमा एआई नीति बनाएको र राष्ट्रिय एआई केन्द्र सञ्चालनमा आएको तथा एआई काउन्सिल पनि गठन गरिरहेको सन्दर्भमा थप ज्ञान, सीप र अनुभव हासिल गर्न फोरम सान्दर्भिक भएको उनले उल्लेख गरे ।

समूहगत सत्रको छलफलमा पनि सञ्चारमन्त्री » बाकी ६ पृष्ठमा

# तोकिएकै समयमा निर्वाचन गर्न सबैको सहमति चाहिन्छ : प्रचण्ड



काठमाडौं- नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले निर्वाचनको वातावरण बनाउन सबै राजनीतिक दलहरूको सहमति आवश्यक रहेको बताएका छन् । संयोजक दाहालले सोमबार पार्टी मुख्यालय पेरिसडाँडामा सञ्चारकर्मीसँग कुरा गर्दै सबै राजनीतिक दलहरूको सहमति भए निर्वाचनको वातावरण बन्ने बताए ।

'सबै सहमत भएर सबैले जिम्मेवारीपूर्वक र गम्भीरताको साथ निर्वाचन प्रक्रियामा लाग्नुपर्छ' उनले भने, 'घोषित निर्वाचन समयमा नै हुनुपर्छ । समयमा नै होस् भन्नको निम्ति » बाकी ६ पृष्ठमा


# यथास्थितिमा निर्वाचनमा जान सकिंदैन : मिराज ढुङ्गाना

**काठमाडौं–** जेनजी अभियन्ता मिराज ढुंगानाले अहिलेकै अवस्थामा निर्वाचनमा जान नसकिने बताएका छन् । उनले मुलुकलाई निकास दिन सर्वपक्षीय वार्ता हुनुपर्ने गर्नपर्ने बताए ।

एक नागरिक समूहले शुक्रबार काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै जेनजी अभियन्ता ढुंगानाले सर्वपक्षीय वार्तामार्फत



मुलुकलाई निकास नदिई यथास्थितिमा निर्वाचनमा जान नसकिने अडान राखेका हुन् । 'हामी कुनै पनि तरिकाले निकास नखोजी निर्वाचनमा जानु हुँदैन । यो नेपाली जनतालाई फेयर हुँदैन' उनले भने, 'जुन अवस्थाबाट हाम्रो देश गुज्रेको छ, त्यसको लागि न्याय होइन यो ।' उनले जेनजी आन्दोलनको अर्थलाई सावित गराएर मात्रै मुलुकलाई निकास दिन पनि तत्काल सर्वपक्षीय वार्ता आवश्यक रहेको तर्क » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १७,
२०८२ साल मंसिर २ गते मंगलबार
18 NOVEMBER 2025, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# राजनीतिक दल खोल्नुभन्दा देशको भविष बनाउन थाल्नुपर्छ ।

यतिवेला नेपालमा जेन्जी प्रदर्शनवाट जानेर या नजानेर सोचेर या नसोचेर पनि सरकार परिवर्तन भएको छ । सरकार परिवर्तन भएसँगै वर्तमान सरकारले प्रतिनिधिसभा विगघटन गरेर सोही प्रतिनिधिसभा निर्वाचनको लागि यो सरकार बनेको हो । नेपाली समाजमा भनेको जस्तो प्रगति उन्नती भएन भनेर नै असन्तोष, असन्तुष्टी बढेर अक्रोशमा नेपाली नागरिकहरूले भलै अराजक गरेको भएपनि परिवर्तन चाहेकै हुन् ।

यतिवेला निर्वाचनमा जान रहर लागेका राजनीतिमा के के परिवर्तन गर्छ भनेर लाग्ने अनेक खालका मानिसहरू सामाजिक सञ्जालमा छाउन थालेको देखिन्छ । कतिपय अभियान्ताहरू, कतिपय स्वतन्त्र उम्मेद्धारहरू समेत राजनीतिक पार्टी खोल्ने अभियानमा छन् । सुनसरीको धरान उपमहानगर पालिकाका मेयर हर्क साङपाङ अध्यक्ष भई श्रम संस्कृति पार्टी खोलिसकेका छन् । अर्का पुर्व विद्युत प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुलमान घिसिङको नेतृत्वमा अर्को पार्टी स्थापना गर्न लागेको समाचारहरू आउन थालेको छ । काठमाडौ माहानगर पालिकाका मेयर बालेन्द्र शाह बालेनको नेतृत्वमा अर्को पार्टी दर्ता गर्न लागेको भन्ने हल्लाहरू बजारमा आउन थालेको छ । रवि लामिछानेको नेतृत्वमा २०७९ असार ७ गते नै राष्ट्रिय स्वतन्त्र पार्टी स्थापना भईसकेको छ । यि नेपाली नागरिकहरूले कुनैवेला अभियान्त भनेर चिनिएका पात्राहरू हुन् । पुराना राजनीनिक पार्टीहरूले चलाउने तरिकाले देशको विकास भएन जनताले सुख पाएनन् भनेर नै जनताले बैकल्पिक पार्टीहरूको खोजी गरिरहेका वेला माथि नाम भएका व्याक्तित्वहरूप्रति आम नागरिकले आशा गरेका हुन् । त्यसमध्य रवि लामिछाने दुईपटक गृहमन्त्री भईसकेर हाल ठगी मुद्दाको आरोपमा जेलमा छन् । अर्का कुलमान तीनवटा मन्त्रालयको मन्त्री छन् । स्वतन्त्रवाट निर्वाचित भएका अर्का धनगढी उप–महानगरपालिकाका मेयर गोपी हमाल भने शान्त देखिन्छन् । कतै पार्टी खोल्ने विषयमा उनको कुरा सुनिएको छैन ।

देशमा नेपालीहरूले ७ पटक संविधान फेरिसकेका छन् । बिभिन्न क्रान्तिका नाममा जनधनको क्षति व्यहोरि सकेका छन् । तर पनि नेपालीका छोराछोरी विदेशी भुमिमा काम गर्न नगई जीविको पार्जन गर्न सकेका छैनन् । यस्तो हुनुमा के समस्या आएको हो । जनतामा कुन ऐन, कानून, प्रणालीले समस्या पारेको हो त्यो विषय छनौट गरेर देशको खाका बनाई छिटो छरितो ढंगवाट देशको विकासमा कचुली फेर्ने उपाय र जनताहरू सवै काममा लाग्ने वातावरण बनाउन परिवर्तकारी शक्निहरू एक ठाउँमा गोलबद्ध भई लाग्नुपर्ने बेला पार्टी खोल्नपर्टी प्रतिस्पर्धा गरेको देख्दा नहास्ने मानिसहरू पनि यस्ता झुण्ड झुण्ड बनेर परिवर्तनको कुरा गर्नेहरू देखेर हास्न थालेका छन् । सायद उनिहरूले यस्ता नयाँ पार्टी खोल्ने समुहहरू देखेर हासेका होलान् ।

त्यसकारण देशको विकास, जनताको उन्नति जवसम्म परिवर्तनकारी अर्थात असल साशनका लागि अग्रसर हुनेहरू एकठाउमा आएर शक्तिको रूपमा विकास हुदैनन् । तवसम्म राजनीतिक पार्टी खोल्ने प्रतिस्पर्धाले देशको विकास हुदैन । यस्तो पार्टी खोल्ने प्रतिस्पर्धा छोडेर देशको विकासको खाका कोर्ने अभियानमा सवै लाग्नुपर्छ ।

# कृत्रिम बौद्धिकता (एआई) : सम्क्षिप्त विवेचना



■ मिलन आफन्त

वर्तमान मानव सभ्यताको सबैभन्दा चर्चित सवाल बनेको छ- कृत्रिम बौद्धिकता अर्थात् 'एआइ'। यस शीर्षकमा यही एआईको वारेमा कुरा गर्न गइरहेको छु । इतिहास र वर्तमानको तुलनात्मक अध्ययन गरी इतिहासका तथ्य एवं समयको गति बुझ्न पाठकलाई सहज होस् भन्ने हेतुले मान्छेको इतिहास लगत्तै एआईका बारेमा कुरा गर्न सान्दर्भिक ठानेको हुँ ।

ओडारमा बस्ने मान्छे पहिलोपटक कृषि कर्म गर्न थालेको करिब १२ हजार वर्षमै कसरी आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता) को युगमा आइपुग्यो ? यो तथ्य बुझ्न तपाईंले १२ हजार वर्षको तथ्यपरक इतिहास, विकासक्रम र वैज्ञानिक प्रक्रिया बुझ्नुपर्ने हुन्छ । तथ्यपरक इतिहास, विकासक्रम र वैज्ञानिक प्रक्रिया नबुझ्ने मान्छे आम साधारण मान्छे बन्न पुग्छ । प्रायः मान्छे सर्वसाधारणमा सीमित हुनुमा शासक वर्ग बढी जिम्मेवार छ । किनकि, शासकले गलत इतिहास लेखाएर त्यसलाई अनिवार्य नागरिक शिक्षाको विषय बनायो । शिक्षा र कानुनका माध्यमबाट गलत ज्ञान वितरण गर्दा त्यसले देश मात्र बर्बाद भएन, प्रायः मान्छे केवल भात मात्र खान जान्ने निरिह प्राणीमा सीमित हुन पुगे । त्यसकारण, बिग्रिएको चेतना सपार्न तथ्यपरक इतिहास र समयको गति एकसाथ बुझ्नुपर्ने हुन्छ । समयको गति बुझ्न पछिल्लो समयको सबैभन्दा उन्नत आविष्कार के हो, त्यसका बारेमा बुझ्नुपर्ने हुन्छ । त्यो हो 'कृत्रिम बौद्धिकता' ।

मान्छे वा प्राणीसँग आ-आफ्नो खालको जैविक बौद्धिकता हुन्छ । जैविक बौद्धिकता प्रयोग गरेर मान्छेले आविष्कार र विकास गरेको उस्तै प्रकारको बौद्धिकतालाई कृत्रिम बौद्धिकता भनिन्छ । २८ वर्षका म्याककार्थी नामक एकजना गणितका विद्यार्थीले उक्त खोज गरेका हुन् । कृत्रिम बौद्धिकतामाथि खोजको सुरुवात मान्छेको जस्तै कृत्रिम बौद्धिकता विकास गर्न सकिन्छ भन्ने विषयका साथ प्रारम्भ भएको थियो । सुरुमा यस कामका लागि क्याककार्थी लगायतका चार जना युवा अग्रसर भएका थिए । (मिचेल २०१९) । कृत्रिम बौद्धिकताले मान्छेले जस्तै अरुको मनोविज्ञान बुझ्ने र विभिन्न कुरा सिर्जना गर्न सक्ने क्षमता राख्दछ । तसर्थ आज कृत्रिम बौद्धिकता मान्छेको उन्नत पुस्ता जस्तो बनेको छ । पछिल्लो समय प्रविधिमा मान्छेको बढ्दो परनिर्भरता, इन्टरनेटको उपयोगिता एवं मान्छेले जीवनमा खोज्ने सहजता र रोमाञ्चकता आदिका लागि कृतिम बौद्धिकताको ठूलो योगदान रहेको छ । जङ्गली युग, कृषि युग, दास युग, औद्योगिक युग एवं प्रजातान्त्रिक युगबाट पनि अगाडि बढ्दै एक्काइसौं शताब्दीको प्रारम्भमा मान्छे कृत्रिम बौद्धिकताको युगमा आइपुग्यो । तपाई के सोचिरहनुभएको छ ? तपाई के चाहनुहुन्छ ? यस्ता तमाम कुराको जवाफ तपाईको हातमा रहेको स्मार्ट फोनको स्क्रिनमा सेकेन्ड भरमा पाउन सक्नुहुन्छ । तपाईं कतै जाँदै हुनुहुन्छ तर बाटो भुल्नुभयो भने एआइमा आधारित जिपिएस प्रणालीले तपाईंलाई सही बाटोको निर्देशन दिन्छ । अंग्रेजी वा दुनियाँका जुनसुकै भाषामा लेखिएका किताब, रचिएका गीत-संगीत तपाईंकै भाषामा तत्काल अनुवाद गरिदिन्छ । तपाईलाई कस्तो लुगा र खानेकुरामा रुचि छ ? कस्तो मान्छे बन्न चाहनुहुन्छ ? मोबाइल, सामाजिक सञ्जाल र डिभाइसहरूमा प्रयोग गरिएको कृत्रिम बौद्धिकताकै कारण तपाईंको मोबाइलमा वस्तु तथा सामग्रीको जानकारी तुरुन्तै आइपुग्छ । तपाइँ ज्ञान-विज्ञानका कुरामा चासो राख्नुहुन्छ, सोही अनुसारको सामग्री तपाईंको मोबाइलमा आइपुग्छ । ईश्वर र धार्मिकतामा विस्वास गर्नुहुन्छ भने त्यही सामग्री आउँछ । यो सबै कृत्रिम बौद्धिकताकै कमाल हो । यावत् कारणले मान्छेको जीवन कृत्रिम बौद्धिकताले रोमाञ्चित मात्र बनाएको छैन, सहज जीवनका लागि पनि उत्तिकै सहयोगी बनेको छ । मेसिनले मान्छेको प्रायः काम खोसिरहेको अवस्थामा कृत्रिम बौद्धिकता त्यसमा मिलाउँदा आज मान्छे शारीरिक रुपमा भूमिकाविहीन बन्ने स्थितिमा पुग्दैछ । यसको पछिल्लो प्रमाण हो, दक्षिण कोरियाको एक अध्ययन प्रतिवेदन । दक्षिण कोरियाको केन्द्रीय बैंक 'बैंक अफ कोरिया'ले गरेको एक अध्ययन प्रतिवेदनले आगामी दुई दशकमा कृत्रिम बौद्धिकतामा आधारित प्रविधिले दक्षिण कोरियामा करिब ३९ लाख रोजगारी विस्थापन गर्ने जोखिम औंल्याएको छ । यतिमात्र होइन, तीव्र रुपमा अगाडि बढिरहेको एआइ प्रविधिले साइबर हमला देखि मान्छेले डिजाईन गरेका प्रणालीमा नियन्त्रण गराउनुपर्ने अवस्था आउनसक्ने सम्मको चिन्ता प्रतिवेदनले व्यक्त गरेको छ (नयाँ पत्रिका, ३० कार्तिक २०८०) ।

कृत्रिम बौद्धिकताको प्रयोगबाट आज विकसित देशले ट्राफिकको काम लिइरहेका छन् । आमरुपमा चालकरहित कार सडकमा गुड्ने अवस्था नजिक पुगेको छ, मानव सभ्यता । कल्पना गरौं त, तपाईं राति पार्टीबाट घर फर्किनुपर्ने छ । सडक अध्यारो छ । पानी परिरहेको छ । तपाईं थकित हुनुहुन्छ । तपाईंले कारलाई भन्नुहुन्छ- मलाई मेरो घर पुऱ्याइदे । चालकहित कारले तपाईंलाई तपाईंको घरको गेटमा लगेर छोडिदिन्छ । यसलाई इआईको भाषामा मेसिन लर्निङ भनिन्छ । कार, बस, ट्रक वा सवारी साधनमा मात्र होइन, रोबर्टले अन्तरिक्षको अन्वेषण गरिरहेको छ । हो, यही हो कृत्रिम बौद्धिकता । भविष्यमा एआई सबै क्षेत्रमा व्यापकरुपमा फैलिने निश्चित छ । निकट भविष्यमा एआई प्रणालीले रोग पत्ता लगाउने, रोगको उपचार गर्ने, उपचारको सुझाव दिने र चिकित्सकलाई सहयोग गर्ने लगायतका कार्य गर्ने छ । एआईले नयाँ औषधी पत्ता लगाउने र घरका जेष्ठ नागरिकको हेरचाह गर्ने काम पनि छिट्टै गर्नेछ । निकट भविष्यमै कम्प्युटरले मान्छेका सारा समस्या सम्बोधन गर्ने ठाउँमा मानव सभ्यता पुग्ने छ (मिचेल २०१९) । कार र स्वास्थ्य क्षेत्रमा मात्र होइन, प्रायः सबै क्षेत्रमा कृत्रिम बौद्धिकताले राज गर्ने निश्चित छ ।

***प्रकाश विकल्पको पुस्तक 'एन्टिथेसिस' बाट झिकिएको***

# सरकारको सुस्तताले उब्जाएको आशङ्का

**बलदेव पन्थी**

जब देशमा अन्याय, अत्याचार, भ्रष्टाचार आदि व्याप्तरूपमा बढ्दै जान्छन् त्यति बेला नागरिकको मनमा निराशाका बादल मडारिन थाल्छन् । आफैंले मतदान गरेर बनाएको सरकारले जनताका आकांक्षा विपरीत कार्य गर्दै जान्छ भने त्यति बेला नागरिकहरू चुप लागेर बस्न सक्दैनन् । जनता परिवर्तन र विकास चाहन्छन् । सुशासन चाहन्छन् । देशमा शान्ति भई ढुक्कसँग आफ्नो पेसा व्यवसाय गरेर बस्न चाहन्छन् ।

जति बेला यी कार्य सरकारले पूरा गर्दैन त्यति बेला नागरिकका मनमा नेताप्रति वितृष्णा बढ्दै जान्छ । देशमा झन्डै दुई तिहाइको सरकार थियो । सरकार नागरिकका भावनाअनुसार चल्न सकेन । जहाँ पनि आफ्नै पार्टीका मान्छेलाई प्राथमिकता दिन थाल्यो । जनताले उठाएका सुशासन, विकास, न्याय आदिलाई सम्बोधन गर्नुभन्दा पनि भ्रष्टाचारको जालोमा रुमलिरह्यो । अझ कर्तुत जनताले थाहा पाउँछन् भनेर २६ वटा सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगायो । यसैको कारण जनतामा चरम वितृष्णा पैदा भयो । गत भाद्र २३ र २४ गते ऐतिहासिक जेन्जी आन्दोलन भयो । त्यो आन्दोलनले देशमा भ्रष्टाचारको अन्त्य हुनुपर्ने, सुशासन कायम हुनुपर्नेजस्ता थुप्रै जायज माग राखेको थियो । जेन्जीले उठाएका मुद्दा सुन्नुको सट्टा सरकार कानमा तेल हालेर बस्यो । जेन्जीका माग पूरा गर्नेभन्दा पनि कसरी आन्दोलनलाई दबाउन सकिन्छ भन्नेतिर लाग्यो । भाद्र २३ गते २१ जना कलिला बालबालिकामाथि गोली चल्यो । सयौं घाइते भए । आन्दोलनमा कलिला युवायुवतीहरूले अनाहकमा ज्यान गुमाउन पुगे । झन्डै दुई तिहाइको सरकार ढल्यो ।

आन्दोलनले शान्तिको बाटो नपछ्याएर विध्वंशको बाटो पछ्याउन पुग्यो र देशका सरकारी तथा निजी सम्पत्ति खरानीमा परिणत हुन पुगे । २३ गतेको आन्दोलनमा सरकारी तथा निजी सम्पत्तिमाथि आगजनी नगरिए तापनि २४ गते भने आन्दोलनको मौका छोपी केही तत्वहरूले देशका ठूला प्रशासनिक कार्यालय तथा निजी उद्योगमाथि आगजनी गरे । यो अत्यन्त दुःखद पक्ष हो । जे होस्, यही आन्दोलनका कारण केपी ओली नेतृत्वको सरकारले सरकार छाड्नुपरेको यथार्थ हो । त्यसपछि जेनजीको चाहनाबमोजिम पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकारको गठन भयो ।

वर्तमान सरकार आन्दोलनको जगमा बनेको सरकार हो । यो सरकारको प्रमुख दायित्व फागुन २१ गते प्रतिनिधिसभाको चुनाव गराउने र देशलाई सही मार्गमा अगाडि बढाउन प्रमुख भूमिका खेल्नु हो । सरकार गठन भएको करिब दुई महिना हुनै लाग्यो । यस अवधिमा जनताका प्रत्यक्ष सरोकारका विषयमा सम्बोधन गर्न सकिन्थे तर सरकार कुहिरोको कागजस्तै रनभुल्लमा परेको हो कि भन्ने आभास भैरहेको प्रतीत हुन्छ । जनता कुनै पनि काम तुरुन्तै होस् भन्ने चाहन्छन् । उनीहरूलाई कुनै पनि किसिमको अलमल मन पर्दैन । जेन्जीले जुन आवाज उठाएका थिए ती माग पूरा गर्छौं भन्ने कसम खाएर वर्तमान सरकार बनेको कुरा दुनियाँलाई जगजाहेर छ । यसबीचमा सरकारको काम गराइ केही सुस्ताएको छ । सरकार आफैं सुस्ताउने हो भने आन्दोनको जगमा बनेको सरकारप्रति जनताले पटक्कै विश्वास गर्ने छैनन् । भोलि यही सरकारका विरुद्धमा अर्को आन्दोलन नहोला भन्न सकिँदैन । समाजमा रहेका एक थरी मानिस चुनाव नभैदिए हुन्थ्यो भन्ने अतिवादी सोचबाट ग्रसित छन् । उनीहरू देशमा अस्थिरता चाहन्छन् । त्यस्ता तत्वहरू धमिलो पानीमा माछा मार्न उद्यत् छन् । विभिन्न बहाना बनाएर सडकमा तमासा देखाउने र समाज भाँड्ने कार्यमा लागिपरेका छन् । ती तत्वहरूलाई बेलैमा चिनेर त्यस्ता तत्वका गतिविधि नियन्त्रण गर्न सरकारले कुनै कसरत बाँकी राख्नुहुँदैन । यो सरकाले त्यतातिर कुनै कदम चालेको छैन ।

जसरी पनि ती तत्वको योजना असफल पार्नुपर्छ । यो सरकारप्रति जनताको धेरै नै अपेक्षा छ । सरकारमा गएका व्यक्तिहरू सक्षम छन् । उनीहरूको काम गर्ने तरिका पनि राम्रो होला तर ढिलासुस्ती अब पटक्कै सुहाउँदैन । सरकारका सूचना तथा सञ्चारमन्त्रीले वर्षौंदेखि अलपत्र अवस्थामा रहेको सवारी लाइसेन्स छाप्ने मेसिन प्रयोगमा ल्याई गरे के हुँदैन भन्ने कामको उदाहरण पेस गरेका छन् । टेलिकममा पुगेर त्यसको गुणस्तर सुधारमा गरेको चासो पनि उत्तिकै सह्रानीय छ । जनता यस्तै काम एकदम छिटो गतिमा अगाडि बढोस् भन्ने चाहन्छन् । त्यसैले सरकारले सेवा प्रवाहलाई बिजुली गतिमा अगाडि बढाउनुपर्छ ।

चुनावी सरकारले छ महिनामा चमत्कारी काम गरेर जनताका समस्या एकै दिनमा हल गर्छ भन्ने अपेक्षा त होइन । तर, कमसेकम काम हुँदै छ है भन्ने आभास त हुनै पर्छ । जनाता कुराभन्दा काममा विश्वास गर्छन् । जनता सुशासन चाहन्छन् । भ्रष्टाचारको अन्त्य होस् भन्ने चाहन्छन् । आन्दोलनमा गोली चलाउन आदेश दिनेलाई छिटोभन्दा छिटो जेलको चिसो छिंडीमा पुऱ्याए हुन्थ्यो भन्ने चाहन्छन् । हजारौं सपना आँखामा बोकेका कलिला बालबालिकालाई गोली हान्ने अपराधी पक्राउ परे हुन्थ्यो भन्ने अपेक्षा जनताको छ । यो सरकारलाई कुनै राजनीतिक लाभ लिनु पनि छैन । राम्रा काम गरेकै आधारमा सरकारमा भएकालाई नागरिकले मतदान गर्ने पनि होइनन् । राजनीतिक लाभको हिसाबकिताब नगर्ने भएपछि जनताका चासोसँग जोडिएका विषयमा नीतिनिर्माण तहमा छिटो निर्णय गरिदिने हो भने यसले निर्वाचनपछि आउने सरकारलाई छिटो काम गर्न बाध्य पार्छ । ६ महिनाको अवधिमा राम्रो काम गर्ने हो भने देशमा एक प्रकारको प्रणाली बस्थ्यो । र, पछि आउने सरकार त्यसविरुद्ध जाने आँट गर्दैनथ्यो । अहिले जेन्जीले उठाएका विषय पनि यिनै हुन् ।

वर्तमान सरकार कसैप्रति पनि पूर्वाग्रही हुनुहुँदैन । दलभित्रका आफ्ना आन्तरिक समस्यामा यो सरकारले कुनै चासो राख्नु पनि हुँदैन । उनीहरूलाई विश्वासमा लिएर चुनावी वातावरण सिर्जना गरिदिने हो भने जुन दल निर्वाचनमा जाँदैन त्यो आफैं पछि पर्नेछ । अहिले देखिएको समस्याको एकमात्र विकल्प चुनाव भएकाले सबै दलसँग घनिभूत छलफल गरी तार्किक निष्कर्षमा पुग्नुपर्छ । तर सरकारले यस कुरामा अग्रसरता नदेखाउनाले सरकारप्रति नै आशङ्का उब्जिएको छ । सरकारले नै अग्रसरता नदेखाउनाले चुनाव हुन्छ कि हुँदैन भन्नेमा नागरिक सशंकित छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# प्रथम चौमासिकमा लक्ष्यको ७७.४९ प्रतिशत मात्र उठ्यो राजस्व

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिकमा लक्ष्यको ७७.४९ प्रतिशत मात्र राजस्व उठेको छ।

अर्थ मन्त्रालयका अनुसार यस अवधिमा सरकारले ४ खर्ब २५ अर्ब २३ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेको थियो। तर वास्तविक संकलन भने ३ खर्ब २९ अर्ब ५१ करोड रुपैयाँ मात्र भएको छ। जुन लक्ष्यको ७७.४९ प्रतिशत मात्र हो। यस वर्ष सरकारले १४ खर्ब ८० अर्ब रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेको छ।




कात्तिक महिनामा मात्र सरकारले १ खर्ब ३ अर्ब ७० करोड रुपैयाँ राजस्व उठाउने लक्ष्य राखेको थियो। तर ७८ अर्ब ३३ करोड रुपैयाँ मात्र उठाउन सकेको छ। जुन ७५.४९ प्रतिशत हो। ३० कात्तिकका दिन मात्र ३ अर्ब ६८ करोड रुपैयाँ राजस्व उठेको अर्थ मन्त्रालयको तथ्यांक छ। गत आवको तुलनामा यस वर्ष पहिलो चौमासिकमा राजस्व केही बढी उठेको छ। गत आवमा सरकारले १४ खर्ब १९ अर्ब ३० करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेकोमा कात्तिकसम्म ४ खर्ब ६ अर्बको लक्ष्य थियो। त्यसमध्ये संकलन ३ खर्ब २९ अर्ब २ करोड रुपैयाँ बराबर भएको थियो।

**भन्सार र आन्तरिक दुवै राजस्व लक्ष्य अनुसार उठेन**

अर्थ मन्त्रालयका अनुसार पहिलो चौमासिकमा भन्सार र आन्तरिक राजस्व दुबै लक्ष्य अनुसार उठ्न नसकेको देखिन्छ। भन्सार महसुलतर्फ कात्तिकसम्म लक्ष्यको ७६.९६ प्रतिशत मात्र उठेको छ। यो अवधिमा सरकारले ९६ अर्ब ९२ करोड भन्सार महसुल संकलनको लक्ष्य राखेको थियो। संकलन भने ७४ अर्ब ५९ करोड रुपैयाँ मात्र भएको छ। मूल्य अभिवृद्धि करतर्फ १ खर्ब २५ अर्ब २८ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य थियो। संकलन भने १ खर्ब ७ अर्ब ११ करोड रुपैयाँ मात्र भएको छ। जुन लक्ष्यको ८५.५० प्रतिशत प्रगति हो। अन्तःशुल्कतर्फ ६७ अर्ब ६२ करोड संकलन गर्ने लक्ष्य थियो। संकलन भने ६२ अर्ब भएको छ। जुन ९१.७० प्रतिशत उठेको छ।

शिक्षा सेवा शुल्क र अन्य कर भने लक्ष्यको तुलनामा १२५.१० प्रतिशत उठेको छ। जसमा १ अर्ब ६१ करोड संकलन लक्ष्य राखिएकोमा २ अर्ब उठेको छ। आयकर भने लक्ष्यको ६५.५९ प्रतिशत मात्र उठेको छ। ९३ अर्ब २३ करोड आयकर संकलनको लक्ष्य राखिएकोमा ६१ अर्ब १५ करोड रुपैयाँ मात्र संकलन भएको देखिएको छ।

**विभागको प्रगति**

कर उठाउने दुई विभागमध्ये दुवै विभाग लक्ष्य अनुसार उठाउन असफल देखिएका छन्। भन्सार विभागले लक्ष्यको ७९.४५ प्रतिशत मात्र राजस्व उठाउन सकेको छ। कात्तिकसम्म भन्सार विभागले १ खर्ब ९४ अर्ब २७ करोड लक्ष्य राखेकोमा १ खर्ब ५४ अर्ब ३५ करोड रुपैयाँ मात्र उठेको छ। आन्तरिक राजस्व विभागले लक्ष्यको ८०.११ प्रतिशत मात्र उठेको छ। यस अवधिमा आन्तरिक राजस्व विभागले १ खर्ब ९० अर्ब रुपैयाँ राजस्व उठाउने लक्ष्य राखेकोमा संकलन १ खर्ब ५२ अर्ब रुपैयाँ मात्र उठेको छ।

# सडक डिभिजन कार्यालय काठमाडौंले तोड्यो २५ रुग्ण ठेक्का

**काठमाडौं–** सडक डिभिजन कार्यालय काठमाडौंले २५ रुग्ण ठेक्का तोडेको छ।

आर्थिक वर्ष २०६७/६८ देखि २०७९/८०मा सम्झौता भएका तर काम नगरेर अलपत्र पारिएका रुग्ण ठेक्का सोमबार तोडिएको हो। ठेक्का तोड्ने निर्णय गर्नअघि ११ कात्तिकमा ठेक्का किन नतोड्ने ? भन्दै सम्बन्धित २५ निर्माण व्यवसायीलाई स्पष्टीकरण सोधिएको थियो। निर्माण व्यवसायीबाट पेश भएको स्पष्टीकरण चित्तबुझ्दो नभएपछि सार्वजनिक खरिद कानूनमा भएको व्यवस्था बमोजिम ठेक्का रद्ध गरिएको कार्यालय प्रमुख सुबोध देवकोटाले जानकारी दिए। कानूनमा भएको व्यवस्था बमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालोसूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौती बापतको रकम, पेश्की जमानत जफत र पेश्की रकमको १० प्रतिशत ब्याज असुल गर्नको साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकी सरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइने देवकोटाले बताए।

निर्माण व्यवसायीलाई १५ दिनभित्र कार्यालयमा उपस्थित हुने निर्देशन समेत दिइएको छ।




ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्री कुलमान घिसिङले ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिएका थिए। त्यसपछि सडक विभाग मातहतका कार्यालय रुग्ण ठेक्का तोड्नका लागि प्रक्रिया अगाडि बढाइएका थिए।

# शान्ताको अचार उद्योगको सुर्खेत शाखामा आगलागी, १५ लाखको क्षति

**काठमाडौं–** नेकपा (एमाले) नेतृ तथा पूर्वसांसद शान्ता चौधरीको 'शान्ताको अचार' उद्योगको सुर्खेत वीरेन्द्रनगरस्थित भर्खरै उद्घाटन गरिएको शाखामा आगलागी भएको छ।

शुक्रबार मात्रै भव्य उद्घाटन भएको यस शाखामा आइतबार बिहान करिब ३ बजेतिर आगलागी भएको हो। आगलागीको घटनालाई नेतृ चौधरीले 'शङ्कास्पद' भन्दै तत्काल अपराधी पत्ता लगाई कारबाही गर्न प्रहरी प्रशासनसँग माग गरेकी छिन्।

प्रहरीका अनुसार, बिहान करिब ३ बजेतिर नगरपालिकाको दमकल गणेशचोकतिर पानी भर्न जाँदै गर्दा दमकलका चालकले बजारमा धुवाँको मुस्लो देखेका थिए। चालकले नै प्रहरीलाई खबर गरी दमकलसहित घटनास्थल पुगेर आगो नियन्त्रणमा लिएका थिए। प्रारम्भिक अनुसन्धानबाट आगो पसलसँगै रहेको फेन्सी स्टोरबाट सुरु भई अचार पसलमा फैलिएको देखिन्छ। आगजनीबाट चौधरीको करिब १५ लाख रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ। यद्यपि, प्रहरीले क्षतिको यकिन विवरण बनाउने काम गरिरहेको छ। चौधरीले सामाजिक सञ्जालमार्फत तत्काल अपराधी पत्ता लगाई कारबाही गर्न प्रहरीसँग माग गरेकी छिन्। उनले लेखेकी छिन्, 'जिन्दगीको हरेक प्रयासमा आगो नै लाग्छ मलाई। सुर्खेतको शान्ताको अचार आउटलेटमा कुन अपराधीले आगो लाइदिएछ। नेपाल प्रहरीलाई तत्काल अपराधी पत्ता लगाई कारबाहीका लागि अनुरोध गर्दछु।' यो पनिफैलिँदै छ शान्ताको अचारः मासिक ३० लाख कारोबार, ३५ जनालाई रोजगारी फैलिँदै छ शान्ताको अचारः मासिक ३० लाख कारोबार, ३५ जनालाई रोजगारी विद्युत् सट भएर आगलागी भएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायव उपरीक्षक मोहनजंग बुढ्थापाले बताए।

# राष्ट्रिय परिवर्तन पार्टीले पायो दल दर्ताको प्रमाणपत्र



**काठमाडौं–** राष्ट्रिय परिवर्तन पार्टीले दल दर्ताको प्रमाणपत्र पाएको छ। अध्यक्षमा राजेश पटेल रहेका छन्। पटेल गत २४ भदौमा जेनजी आन्दोलनका क्रममा घाइते भएका व्यक्ति हुन्।

यो पार्टीको चुनाव चिह्न बाँसुरी रहेको छ। गत कात्तिक २ गते दल दर्ताको निवेदन दिएका दिए। सोमबार दल दर्ताको प्रमाणपत्र पाएका हुन्।

निर्वाचन आयोगबाट पार्टीको आधिकारिक प्रमाणपत्र प्राप्त गर्नलाई उनीहरूले ऐतिहासिक क्षण भनेका छन्। निर्वाचन आयोग परिसरमै उनीहरूले पत्रकारलाई बाँडेको ब्रिफिङमा भनिएको छ, 'यो केवल एउटा पार्टी दर्ता भएको प्रमाणपत्र होइन, यो जेनजी आन्दोलनमा घाइते भएका सबै वीर युवाहरूको पीडा, अधिकार र न्यायको पक्षमा उभिने हाम्रो अटल वाचाको प्रमाणपत्र हो।'

शहीदहरूको सपना खेर जान नदिने, उनीहरूको बलिदानलाई इतिहासको पानामा मात्र सीमित नगरी व्यवहारिक परिवर्तनमा रूपान्तरण गर्ने यो पार्टीको प्रतिज्ञा छ।

देशमा परिवर्तन आउँछु भनेर आफ्नो ज्यानसम्म अर्पण गर्ने प्रत्येक सहिदको सपना पूरा गर्ने यो पार्टीको दृढता छ।

चुनावभन्दा अघि आफूहरूका प्रमुख मागहरू सुनिश्चित गराउनु पर्ने समेत उनीहरूको सर्त छ।

'भ्रष्टाचारविरुद्ध तत्काल ठोस कदम शुरु होस्, प्रणाली परिवर्तन गरेर प्रत्यक्ष कार्यकारी को दिशामा स्पष्ट रोडम्याप तयार होस्, सहिदहरूको रगतको सम्मान होस्, घाइतेहरूको उपचार, पुनर्स्थापना र भविष्यको ग्यारेन्टी सुनिश्चित होस्। यी नै हाम्रो प्राथमिक एजेन्डा हुन' ब्रिफिङमा भनिएको छ।

## रामेछाप डायरी

# मन्थली नगरपालिकाको १४ वटै वडामा 'वडा स्तरीय प्रारम्भिक बालविकास समिति गठन'

**रामेछाप–** रामेछापको मन्थली नगरपालिकाको १४ वटै वडामा वडा स्तरीय प्रारम्भिक बालविकास समिति गठन गरिएको छ। कात्तिक १६ गतेदेखि २८ गतेसम्म नगरका सबै वडाहरुमा वडास्तरीय प्रारम्भिक बालविकास समिति गठन तथा अभिमुखीकरण सम्बन्धी १ दिने कार्यशाला सञ्चालन गरी समिति गठन गरिएको हो।



२०७७ सालमा नेपाल सरकार राष्ट्रिय योजना आयोगले प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८ प्रकाशित गरेको थियो। २०७७ मंसिर २३ गते बसेको मन्त्रिपरिषद् बैठकबाट सरकारले यो रणनीतिलाई स्वीकृत गरेको थियो। सोही रणनीतिको अनुसूची ४ बमोजिम नगरभिका १४ वटै वडामा वडा अध्यक्षको अध्यक्षतामा कम्तीमा ९ सदस्य रहने गरी वडास्तरीय प्रारम्भिक बालविकास समिति गठन गरिएको मन्थली नगरपालिकाका बालविकास संयोजक नवराज विश्वकर्माले बताउनुभयो। नेपालका सरकारले जनाएको प्रतिबद्धताअनुसार सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास सम्बन्धी सेवाहरु सहजताका साथ उपलब्ध गराई उनीहरुको बाँच्न पाउने, संरक्षण, विकास र सहभागी हुन पाउने अधिकारलाई सुनिश्चित गराउने उद्देश्यले यो समिति गठन गरिएको बालविकास संयोजक विश्वकर्माले बताउनुभयो। दिगो विकासका १७ वटा लक्ष्य मध्ये ११ वटा लक्ष्य प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेको उल्लेख गर्दै उहाँले सोही लक्ष्यअनुसार गर्भावस्थादेखि आठ वर्षसम्मका बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सेवा सुनिश्चिता गराउन यो समितिले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

साथै समितिले बालबालिकाको सर्वाङ्गीण विकासको लागि उनीहरुको उमेरानुसारको सेवा सुनिश्चितता गर्ने, सबै बालबालिकालाई स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण, शिक्षा र खानेपानी तथा सरसफाई सम्बन्धी सबै सेवाहरु एकीकृत रुपमा प्रदान गराउने सवालमापरिवार तथा समुदायको संलग्नता र जिम्मेवारी अभिवृद्धि गराउनको लागि समेत काम गर्ने उहाँको भनाई छ। सरकारले २०८८ सम्ममा गर्भावस्थादेखि आठ वर्षसम्मका सबै बालबालिकाको शारीरिक, बौद्धिक, भाषिक, संवेगात्मक र सामाजिक विकासको अवसर सुनिश्चित गर्ने लक्ष्य लिएको उल्लेख गर्दै उहाँले सोही लक्ष्यलाई भेटाउने गरी यो समितिले आगामी दिनमा काम गर्नपर्ने पनि बताउनुभयो। वडा अध्यक्षहरुको अध्यक्षतामा भएको कार्यशालामा सहभागीहरुलाई प्रारम्भिक बालविकासको अवधारणा, प्रारम्भिक बालविकासको पक्ष, तत्वहरु, महत्व, फाइदा र प्रारम्भिक बालविकास राष्ट्रिय रणनीतिले तय गरेका वडास्तरीय प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकारबारेमा अभिमुखीकरण गराइएको थियो। जसको सहजीकरण बालविकास संयोजक नवराज विश्वकर्माले गर्न भएको थियो। कार्यशालामा वडा अध्यक्ष, वडा सदस्य, स्वास्थ्य, शिक्षा, कृषि, पशु, महिला, बालबालिका तथा समाज कल्याण शाखाअन्तर्गतका कर्मचारी, वडा नागरिक समुहका संयोजक, महिला स्वास्थ्य स्वयंसेविका, बालसञ्जालका प्रतिनिधि लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको समझदारीअनुसार मन्थली नगरपालिकासँगको सहकार्यमा चाइल्डएड नेटवर्क फाउण्डेशनको आर्थिक तथा सेतो गुराँस राष्ट्रिय बालविकास सेवाको प्राविधिक सहयोगमा सञ्चालित इसिडी हार्मोनी परियोजनाअन्तर्गत कार्यशालाको आयोजना गरिएको थियो। परियोजनामार्फत सेतो गुराँस राष्ट्रिय बालविकास सेवाले प्रारम्भिक बालविकास केन्द्रको लाग आवश्यक भित्री सामाग्रीहरु कार्पेट, चकटी, कुर्सी, पिफर्म, किडबक्स, सिकाई कुना र्याक वितरण गरेको छ भने बाहिरी सामाग्रीअन्तर्गत पिङ, चिप्लेटी, क्लाइम्बर र चाकाचुली लगायतका खेल सामाग्री वितरण गरेको छ। त्यसैगरी अभिभावक शिक्षा, शिक्षक तालिम, विद्यालय घेराबार लगायतका काम पनि गरेको छ।

# कानुनमन्त्री सिन्हाकै अगाडि सांसदहरूले दिए विद्रोहको चेतावनी

**काठमाडौं–** सांसदहरूले दलितको संवैधानिक अधिकार कार्यान्वयन हुन नसकेको भनेर असन्तुष्टि जनाएका छन। काम हुँदै गरेको प्रतिबद्धता जनाउने प्रवृत्तिले निरन्तरता पाए अर्को विद्रोह हुने उनीहरूको चेतावनी छ। कानुन र न्याय क्षेत्रको मन्त्री हुँदा समेत संवैधानिक मौलिक हक कार्यान्वयन नभए कहिल्यै हुन नसक्ने भएकोले अर्को विद्रोह जन्माउन सक्ने सांसद घनश्याम रिजालले बताए।

'मन्त्रीज्यू अर्को विद्रोह नजन्मिदै यो काम (दलित एन बनाऔं),' रिजालले भने। बैठकमा कानुन न्याय तथा संसदीय मामिलामन्त्री अनिल सिन्हा, कानुन मन्त्रालयका सहसचिव मानबहादुर अर्याल लगायत उपस्थित रहेका छन्। नेपालको संविधान धारा ४० मा दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था छ। यो संवैधानिक हक कार्यान्वयन हुन सकेको छैन। यही विषयमा संसदीय समिति (राष्ट्रिय सभा अन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समिति) को बैठकमा छलफल जारी छ। बैठकमा रिजालसहितका सांसदहरू भुवनबहादुर सुनार, तुलप्रसाद विश्वकर्मा, बिष्णुबहादुर विश्वकर्मा लगायतले नेपालमा राजतन्त्र हटे पनि सामन्तवादी सोच हट्न नसकेको बताए। 'यसअगाडि कम्युनिस्टका सरकार पनि बने। खै त दलित एन ?,' तुल प्रसाद बिश्वकर्माले प्रश्न गरे, 'हामी कम्युनिस्ट हौं कि हिन्दु कम्युनिस्ट ? व्यवहारले जवाफ दिएको छैन।'

अर्का सांसद भुवनबहादुर सुनार मुखले विभेद हटाउँछौ भन्ने र व्यवहारमा काम नगर्ने शैली बदलिन आवश्यक रहेको बताए। 'अब पनि व्यवहार सुध्रँदैन भने विद्रोह स्वभाविक छ,' उनको चेतावनी छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १७,
२०८२ साल मंसिर २ गते मंगलबार
18 NOVEMBER 2025, TUESDAY

# उत्कृष्ट करदातालाई सरकारले गऱ्यो सम्मान



**काठमाडौं–** सरकारले कर दिवसको अवसर पारेर उत्कृष्ट करदाताहरूलाई सम्मान गरेको छ । व्यक्तिगततर्फ राजबहादुर शाह सबैभन्दा ठूलो करदाता घोषित हुँदा वस्तु व्यापारमा भाटभटेनी सुपरमार्केट परेको छ ।

त्यस्तै डाबर नेपाल, आईएमई लिमिटेड, युनिलिभर, नोबेल मेडिकल कलेज तथा अस्पताललगायतका संस्था धेरै कर तिर्नेमा परेका छन् । आर्थिक वर्ष २०८०,८१ मा सबैभन्दा बढी आय कर तिर्ने नेपाल दूरसञ्चार प्राधिकरणले सबै भन्दा धेरै कर तिरेको छ ।

बस्तु निर्याततर्फ सबैभन्दा धेरै कर तिर्ने डाबर नेपाल प्रा.लि रहेको छ । सूचना प्रविधि सम्बन्धी सेवा निर्याततर्फ भेरिक्स नेपाल प्रालि रहेको छ । त्यस्तै कृषि एवं पशुपन्छीतर्फ पोषक ब्रिडर फार्म उत्कृष्ट करदाताको सूचीमा परेको छ । बैंकतर्फ नेपाल इन्भेष्टमेन्ट मेगा बैंक तिरेको छ । स्वास्थ्य तथा शैक्षिक संस्थातर्फ नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल, पर्यटन व्यवसायतर्फ सोल्टी होटल रहेका छन् । त्यस्तै सीडीएस एण्ड क्लियरिङ, उत्पादनमूलक उद्योगमा भोटेकोशी पावर कम्पनी, रेमिटेन्स तथा मनि ट्रान्सफरतर्फ आईएमई लिमिटेड पनि सम्मानित भएका छन् ।

# महासंघले जााचबुझ आयोगलाई भन्यो– निजी क्षेत्रलाई सुरक्षाको प्रत्याभूति चाहिन्छ



**काठमाडौं–** जेनजी आन्दोलनमा भएको दमन र तोडफोड तथा आगजनी छानबिनका लागि गठित जाँचबुझ आयोगले नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीसँग छलफल गरेको छ ।

आयोगका पदाधिकारीले सोमबार महासंघको कार्यालयमा पुगेर आन्दोलनका क्रममा निजी क्षेत्रले ब्यहोरेको क्षति लगायत विषयमा छलफल गरेका हुन् ।

महासंघका अध्यक्ष चन्द्र ढकालले मुलुकको अर्थतन्त्रको मेरुदण्ड भएकोले निजी क्षेत्रको सुरक्षालाई राज्यले प्राथमिकता दिनुपर्ने बताए । उनले विधिको शासनको पूर्ण पालन र शान्तिपूर्ण तथा सुरक्षित व्यावसायिक वातावरण सुनिश्चित गर्न आवश्यक कदम चालिनु पर्नेमा जोड दिए । 'निजी क्षेत्रले आफ्ना लागि मात्र काम गरको हुँदैन । राजस्व र रोजगारीमा योगदान दिएको हुन्छ । निजी क्षेत्र अर्थतन्त्रको मेरुदण्ड हो भन्ने विषयलाई सरकार, आयोग, राजनतिक दल तथा आम नागरिकहरुले पनि बुझ्न र बुझाउन आवश्यक छ,' ढकालले भने ।

आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले घटनाका सबै पक्ष समेटेर प्रतिवेदन तयार पारिने र ती सुझाव भोलिका दिनमा नीति निर्माणमा उपयोगी हुने विश्वास व्यक्त गरे । उनले निजी क्षेत्र अर्थतन्त्रको सम्बाहक भएकाले यो क्षेत्रको संरक्षण गर्नँ राज्यको दायित्व भएको बताए ।

छलफलमा महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, उपाध्यक्षहरु सुरकृष्ण वैद्य, हेमराज ढकाल र ज्योत्सना श्रेष्ठ तथा कोषाध्यक्ष भरत आचार्य तथा आयोगका सदस्य विज्ञानराज शर्मा र विश्वेश्वरप्रसाद भण्डारी सहभागी थिए ।

# एनसेल फाउन्डेसनले एनपीएलमा हरेक चौकाबापत विद्यार्थीलाई ४ वटा शैक्षिक सामग्री वितरण गर्ने




**काठमाडौं–** एनसेल फाउन्डेसनले यस वर्ष पनि नेपाल प्रिमियर लिग (एनपीएल)का खेलहरूमा हानिने प्रत्येक चौकाबापत ४ वटा शैक्षिक सामग्री प्रदान घोषणा गरेको छ ।

एनसेलले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत ग्रामीण र दुर्गम क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई एनपिएलमा हानिने प्रत्येक चौकाबापत शैक्षिक सामग्री सहयोग गर्ने घोषणा गरेको हो ।

एनसेलले प्रत्येक चौकाबापत चार वटा शैक्षिक सामग्री सहयोग गर्ने घोषणालाई क्रिकेटदेखि कक्षाकोठा जोड्ने नवीन पहल भनेको छ । एनसेलले शैक्षिक सामग्रीका रुपमा विद्यार्थीलाई स्कुल ब्याग, कापी, सिसाकलम, इरेजर, कटरलगायत उपलब्ध गराउनेछ ।

'क्रिकेटले हामी सबैलाई जोडेको छ । एनपीएलसँगको सहकार्यमार्फत सामुदायिक विद्यालयका विद्यार्थीको उज्यालो भविष्यका लागि यो पहललाई अझै अगाडि बढाउन पाएकोमा हामी धेरै खुसी छौं,' एनसेलकी कर्पोरेट कम्युनिकेसन तथा सस्टेनेबिलिटी डाइरेक्टर विशाखालक्ष्मी खड्काले भनिन्, 'खेलमा प्रहार हुने प्रत्येक चौका विद्यार्थीले भविष्यमा प्राप्त गर्ने अवसर, सिकाइ र हुर्काइसँग जोडिनेछन् ।' एनसेलले गत वर्षको एनपीएलमा पनि प्रत्येक चौकाबापत ४ वटा शैक्षिक सामग्री दिंदा २ हजार ६१२ विद्यार्थी लाभान्वित भएका थिए । गत वर्षको एनपीएलमा खेलाडीले कुल ६५३ चौका हानेका थिए ।

# काठमाडौंमा मंसिर ४ गते पहिलो 'एआई इन बैंकिङ तथा फिन्टेक सम्मेलन २०२५' हुने

**काठमाडौं–** फिन्टेक अलायन्स नेपाल र काठमाडौं फिन्टेकको संयुक्त आयोजनामा पहिलो 'एआई इन बैंकिङ तथा फिन्टेक सम्मेलन २०२५' मंसिर ४ गते काठमाडौंमा हुने भएको छ ।

कार्यक्रमको उद्घाटन नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले गर्नेछन् । सम्मेलनमा देशविदेशका प्रतिष्ठित वक्ता, बैंक तथा फिन्टेकका उच्च नेतृत्व र नियामक निकायका अधिकारीहरू सहभागी रहनेछन् ।

कार्यक्रममा झन्डै डेढ सयभन्दा बढी सहभागी हुने अपेक्षा गरिएको छ । उक्त कार्यक्रममा फोनपेको प्रस्तुति रहनेछ भने इसेवा, भिजा, आडिस्वान लगायतका प्रतिष्ठित फिन्टेक तथा प्रविधि कम्पनीहरूले सहयोग गर्नेछन् ।

वक्ताहरूले एआईले बैंकिङ, फिन्टेक, भुक्तानी प्रणाली, साइबर सुरक्षा, ग्राहक अनुभव, जोखिम व्यवस्थापन र वित्तीय समावेशितामा ल्याउन सक्ने रूपान्तरणबारे विचार राख्नेछन् । सम्मेलनले नेपालको बैंकिङ तथा वित्तीय क्षेत्रमा एआईको प्रयोगबारे जागरण, क्षमता विकास र व्यवहारिक पक्षमा गहिरो छलफल गर्ने लक्ष्य राखिएको छ ।

# कुमारी बैंकले ल्यायो ग्रिन सेभिङ्गस डिपोजिट अकाउन्ट




**काठमाडौं–** दिगो विकासका लक्ष्यहरु प्राप्तीका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई आफ्नो सेवा, सुविधा, प्रक्रिया तथा व्यवसायिक साझेदारीहरु मार्फत टेवा पुऱ्याउन अग्रसर कुमारी बैंकले ग्रिन सेभिङ्गस डिपोजिट अकाउन्ट नामक निक्षेप योजना ल्याएको छ ।

"एक खाता एक रुख" सिद्धान्तमा आधारित यो योजना अन्तर्गत खोलिने हरेक खाता बापत एक रुख बैंकका तर्फबाट रोपिने हुनाले प्रत्येक निक्षेपकर्ताहरुको पर्यावरण संरक्षण तथा प्रवर्द्धनमा अप्रत्यक्षरुपमा सहभागिता रहनुका साथै खातावालहरुले साधारण बचत खाताको भन्दा ०.२५ प्रतिशत अधिक ब्याजदर, एक लाख सम्मको बिमा सुविधा, दुई वर्ष सम्म नि:शुल्क मोबाइल बैकिङ्ग सेवा, दुई लाख सम्मको फोनलोन सुबिधा (योग्यता अनुसार), यस योजना अन्तर्गत खोलिएका प्रत्येक खाता बापत एक रुख रोपिने जस्ता आकर्षक सुविधाहरु समेत प्राप्त गर्ने छन् ।

यस योजनाबाट संकलन हुने निक्षेपलाई दिगो विकास प्रवर्द्धन गर्ने, पर्यावरणलाई सकरात्मक प्रभाव सृजना गर्ने क्षेत्रहरुमा कर्जा प्रवाह गर्ने तथा प्रत्येक खाता बापत एक रुख रोप्ने भएकोले यस अभ्यासबाट वातावरण संरक्षणमा दोहोरो प्रभाव सृजना हुने बैंकका दिगो बैकिङ्ग विभागका प्रमुख अर्पण पौडेलले बताएका छन् । बैंकले सबै शाखाहरूमा यो योजना उपलब्ध गराएको छ र इच्छुक ग्राहकहरूले बैंकको वेबसाईट वा नजिकको शाखामा सम्पर्क गरी विस्तृत जानकारी लिन सक्नेछन् ।

विगत २४ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले अनवरतरुपमा वित्तिय साक्षरता प्रवर्द्धन तथा दिगो विकासका अन्य लक्ष्यहरु हसिल गर्न संस्थागत सामाजिक उत्तरदयित्व अन्तर्गत विभिन्न परियोजनाहरुमा सहभागि हुदै देशभर रहेका अफ्नो ३०२ शाखा सञ्जाल, ३१७ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ४८ शाखा रहित बैंकिङ्ग ईकाईहरु मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरु प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरुमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरु गर्दै जाने समेत प्रतिबद्धता जनाएको छ ।

# आइएमई खल्ती लिमिटेडको सीइओमा प्रविण रेग्मी नियुक्त, ४ वर्ष नेतृत्व गर्ने



**काठमाडौं–** आइएमई डिजिटल सोलुसन लिमिटेड र खल्ती प्रा लि गाभिएर २०८२ साउन १ गतेदेखि संयुक्त रूपमा कारोबार संचालन गरिरहेको आइएमई खल्ती लिमिटेडले प्रमुख कार्यकारी अधिकृत (सीइओ)मा प्रविण रेग्मीलाई नियुक्त गरेको छ ।

सोमबार बसेको संचालक समितीको ११औं बैठकले रेग्मीलाई आगामी ४ वर्षका लागि आज देखि लागू हुने गरि नियुक्त गरेको हो ।

यसअघि आइएमई डिजिटल सोलुसन लिमिटेडको सीइओका जिम्मेवारीमा कार्य गरेका रेग्मी मर्जर पश्चात आइएमई खल्ती लिमिटेडको संचालक समिति सदस्यका रूपमा रहि रेग्मी संस्थाको रणनीतिक नेतृत्वदायी भूमिकामा सक्रिय थिए ।

फिनटेक, बैंकिङ तथा डिजिटल ट्रान्सफर्मेसनको क्षेत्रमा डेढ दशकभन्दा बढीको अनुभवसहित उनले नेपालको डिजिटल भुक्तानी प्रणालीलाई आधुनिक र सक्षम बनाउन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् ।

बढदै गएको डिजिटल कारोबार र क्यासलेस तर्फ उन्मुख नेपाली अर्थतन्त्रको सवालमा रेग्मीले उल्लेख्य भूमिका निर्वाह गर्ने पनि कम्पनीले जनाएको छ । यस अघि कार्यकारी अधिकृतको जिम्मेवारीमा रहेका विनय खड्का भने आफ्नो चार वर्षे कार्यकाल सकाएर बिदा भएका छन् ।

रेग्मीले पीएसपी संघ नेपालका संस्थापक अध्यक्षका रूपमा पनि भुक्तानी सेवा प्रदायक कम्पनीहरूबीचको सहकार्य, समन्वय र नीतिगत सुधारमा उल्लेखनीय भूमिका निर्वाह गरेका छन् ।

रेग्मीको अनुभव, दूरदृष्टि र डिजिटल भुक्तानी क्षेत्रमा नवीनता ल्याउने उनको खुबीलाई आइएमई खल्ती लिमिटेडले रणनीतिक विकासमा प्रयोग गरेर कम्पनीले उल्लेख्य सफलता हाँसिल गर्ने अपेक्षा समेत गरेको छ ।

# एक वर्षमा विदेशी लगानी ८० अर्ब र ऋण ६०.४३ अर्ब भित्र्याउन राष्ट्र बैंकको अनुमति




**काठमाडौं–** राष्ट्र बैंकले करिब ८० अर्ब विदेशी लगानी र साढे ६० अर्ब ऋण भित्र्याउन अनुमति दिएको छ ।

राष्ट्र बैंकले गत आर्थिक वर्ष ७९ अर्ब ९२ करोड बराबरको विदेशी लगानी र ६० अर्ब ४३ करोड बराबरको वैदेशिक ऋण भित्र्याउन अनुमति अनुमति दिएको हो । ऋणतर्फ ८ अर्ब ६५ करोड बैंक तथा वित्तीय संस्था र ५१ अर्ब ७८ करोड अन्य उद्योग/ कम्पनीलाई भित्र्याउन अनुमति दिइएको हो ।

'आर्थिक वर्ष २०८१/८२ मा विदेशी मुद्रा भित्र्याउनुपूर्व यस बैंकलाई दिइने लिखित जानकारीमार्फत ७१ अर्ब २२ करोड, सेयर स्वामित्व परिवर्तनमार्फत नेपाली उद्योगमा कायम रहेका कुल नेपाली सेयरधनीको सेयरधारण अनुपात घट्ने गरी भएको विदेशी लगानीका लागि ८ अर्ब ४६ करोड रुपैयाँ र लगानी समर्थन स्वीकृतिमार्फत २३ करोड गरी कुल ७९ अर्ब ९२ करोड रुपैयाँ बराबरको विदेशी मुद्रा भित्र्याउन अनुमति प्रदान गरिएको छ,' राष्ट्र बैंकले आफ्नो वार्षिक प्रतिवेदनमा भनेको छ, 'साथै अनुमति प्राप्त बैंक/ वित्तीय संस्थालाई ८ अर्ब ६५ करोड र अन्य उद्योग/ कम्पनीलाई ५१ अर्ब ७८ करोड गरी कुल ६० अर्ब ४३ करोड रुपैयाँ बराबरको वैदेशिक ऋण भित्र्याउन अनुमति प्रदान गरिएको छ ।' राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्ष ११ अर्ब ३० करोड बराबरको विदेशी लगानी र ५४ अर्ब ८३ करोड बराबरको विदेशी ऋण लेखाङ्कन भएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# व्यावसायिक फूलखेतीबाट वर्षको ८ लाख कमाउँदै धनगढीकी सुशीला



**कैलाली–** कैलालीको धनगढी उपमहानगरपालिका-६ मटियारीकी सुशीला विष्टले व्यावसायिक फूलखेतीबाट राम्रो आम्दानी लिन थालेकी छन् ।

फार्म दर्ता गरेर विगत दुई वर्षदेखि व्यावसायिक फूलखेती गर्दै आएकी उनले फूल बिक्रीबाट मनग्य आम्दानी गर्न थालेकी हुन् । दुई बिघा जग्गा भाडामा लिएर व्यावसायिक फूलखेती गर्दै आएको बताउँदै विष्टले फूलबाट वार्षिक रु २० लाखसम्मको कारोबार हुने गरेको बताइन् ।

उनको आम्दानी राम्रै हुन्छ । कामदारलगायत सबै खर्च कटाएर वार्षिक रु आठ लाखसम्म बचत हुन्छ । बाह्रै महिना फूल उत्पादन हुन्छ, यस वर्षको दसैंतिहारमा मात्र करिब रु १० लाखबराबरको कारोबार भएको उनले भनाइ छ ।

उनले भनिन्, 'मूल्य समयअनुसार फरकफरक हुन्छ । फूल प्रतिकिलो रु एक सय ५० देखि पाँच सयसम्म र प्रतिमाला रु ६० देखि रु एक सयसम्ममा बिक्री गर्ने गरिएको छ ।' उनले भनिन्, 'चार जनाको परिवार छ । यसबाटै भएको आम्दानीले घरखर्च सहजै चलेको छ । बचत पनि राम्रै हुन्छ । स्वरोजगार बनिएको छ ।' धनगढी उपमहानगरपलिकाले दिएको फूलखेतीसम्बन्धी एकहप्ते तालिम लिएर फूलखेतीमा लागेको बताउँदै उहाँले सयपत्री, गुलाब, रजनीगन्धा, सूर्यमुखी, सुपारीलगायतका फूल उत्पादन गर्दै आएको बताइन् । उनले आफ्नो फार्ममा आठ जनालाई प्रतिव्यक्ति रु छ सयका दरले दैनिक ज्याला दिएर रोजगारी दिएको बताइन् । उनले व्यावसायिक फूलखेतीबाट राम्रै आम्दानी हुने भए पनि फूलको बीउ र मलखाद पाउन अप्ठ्यारो हुने गरेको बताइन् । फूलखेतीका लागि कृषि विकास निर्देशनालय र धनगढी उपमहानगरपालिकाबाट प्लाष्टिक टनेल, सिँचाइ बोरिङ, थोपा सिँचाइमा अनुदान समेत पाएको बताइन् । फूलखेतीमा बीमा पोलिसी नभएको बताउँदै उनले बीमा पोलिसी भए फूलखेती गर्ने किसानलाई अझै सहज हुने बताइन् ।

## खेलकुद

# बास्केटबलमा स्किब्स र राइजिङ स्टार विजयी



**काठमाडौं–** स्किब्स र राइजिङ स्टारले ११ औं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा विजयी सुरुआत गरेका छन् ।

स्किब्सले पिपुल्स एकेडेमीलाई २२-२० स्कोरले पराजित ग¥यो । स्किब्सका सोहन ठकुरीले १३ स्कोर गरे । रिजन थापाको ६ स्कोरमा राइजिङ स्टारले आयोजक रेडियन्ट पब्लिक 'बी' माथि २४-९ को जित पायो ।

सोही स्पर्धामा विस्डमले एलेन मेमोरियललाई २०-९ र केभीसीले श्री नवीन ज्योतिलाई २८-१७ ले हराए । विस्डमका सौगातले १० र केभीसीका आरोनलाल श्रेष्ठले १५ स्कोर जोडे ।

जुनियर ब्वाइजमा नवीन ज्योतिले गोल्डेन फ्लावरलाई १३-५ तथा एआईले केभीसीलाई ६-२ ले पन्छाए । नवीन ज्योतिका युनिकेश तामाङ ४ र केभीसीका आरुस बुढाथोकीले ४-४ स्कोर गरे ।

स्युचारटारस्थित आयोजक रेडियन्टको कोर्टमा भएको सिनियर गर्ल्सको प्रतिस्पर्धामा गोल्डेन फ्लावरले केभसीलाई २४-७ तथा नवीन ज्योतिले न्यु जेनिथलाई २१-१० ले पराजित गरे । फ्लावरकी सिमरन पाण्डेले १२ रनवीन ज्योतिकी अविना दानीले १० स्कोर गरे । प्रतियोगिताको रेडियन्टका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण सिंह कुँवर, नागर्जन नगरपालिका वडा ९ का सदस्यद्वय लक्ष्मण बुढाथोकी र राजकुमार भट्टराई तथा प्रिन्सिपल सूर्यबहादुर केसीले निर्णायकलाई बल हस्तान्तरण गरी उद्घाटन गरे । मंसिर १० सम्म चल्ने स्पर्धाको सिनियर ब्वाइजमा २५ तथा जुनियर ब्वाइज र सिनियर गर्ल्समा १२-१२ टिम सहभागी छन् ।

# वामदेव गौतमको प्रस्ताव दलित भेदभाव गर्नेलाई सम्पत्ति जफत र आजीवन काराबासको सजाय



**काठमाडौं–** नेपाली कम्युनिस्ट पार्टीका नेता वामदेव गौतमले दलित भन्ने शब्दलाई नेपालले संवैधानिक र कानुनी रुपमा नै मान्यता दिइएको भनेर असन्तुष्टि जनाएका छन् ।

राष्ट्रिय सभा अन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बोल्दै उनले यस्तो बताएका हुन् । 'संविधानमा दलित समुदाय छन् र उत्पीडित छन् भन्यौं । अमेरिकामा गएर यही भन्छौं र सहयोगको कुरा गर्छौं । यसरी अन्त्य हुन्छ विभेद गौतमको प्रश्न छ ।

विभेद अन्त्य गर्न व्यवहार सुध्रिनुपर्ने र यसका लागि कडा कानुन बनाउनुपर्ने उनको आग्रह छ । 'दलित भनेर भेदभाव गर्नेको सम्पत्ति जफत गरौं र आजीवन काराबासको सजाय गरौं' उनको प्रस्ताव छ, 'आजीवन काराबास पूरा भुक्तान गर्नंपर्ने गर्नंपर्छ छुट नहुने गरी ।' नेपालको संविधान धारा ४० मा दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था छ । यो संवैधानिक हक कार्यान्वयन हुन सकेको छैन । यही विषयमा संसदीय समितिको बैठकमा छलफल जारी छ । संविधानको यो धाराले दलित समुदायको आर्थिक(सामाजिक) हित सुनिश्चित गरेको छ । जहाँ राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने उल्लेख छ ।

सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था सुनिश्चित गरिएको छ । दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गर्ने व्यवस्था धारा ४० मा छ ।

तर, यो संवैधानिक व्यवस्थाको कार्यान्वयन हुन सकेको छैन । कारण- यससम्बन्धी ऐन नै बन्न सकेको छैन । संविधानतः प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था हुनुपर्ने हो ।

'दलित भनेर भेदभाव गर्नेको सम्पत्ति जफत र आजीवन काराबासको सजाय गरौं' उनको प्रस्ताव छ, 'आजीवन काराबास पूरा भुक्तान गर्नंपर्ने गर्नंपर्छ छुट नहुने गरी ।'

# मुस्ताङमा चक्रपथ निर्माण अन्तिम चरणमा



**मुस्ताङ–** घरपझोङ गाउँपालिकास्थित थाक-पाँचगाउँ जोड्ने १० दशमलव पाँच किमीको चक्रपथ सडक निर्माण अन्तिम चरण पुगेको छ ।

विसं २०७६ असारमा बन्दना भगवती निर्माण सेवासँग ठेक्का सम्झौता भएको उक्त सडक ६ वर्षको अन्तरालमा निर्माणको काम अन्तिम चरणमा पुगेको हो ।

गण्डकी प्रदेश भौतिक पूर्वाधार मन्त्रालयको 'एक निर्वाचन, एक सडक' योजनाअन्तर्गत मुस्ताङ सदरमुकामदेखि ठिनी, ढुम्बा, छैरो, चिमाङ, मार्फा, स्याङ हुँदै जोमसोम जोड्ने गरी पूर्वाधार विकास कार्यालयले कार्यान्वयनमा ल्याएको थियो ।

घरपझोङस्थित कालीगण्डकी नदी पारि पूर्वमा रहेका ग्रामीण बस्तीमा सडकको पहुँच स्थापित गर्नेगरी जोमसोम-ढुम्बा पाँच किलोमिटर सडक कालोपत्र र ढुम्बादेखि छैरो-चिमाङ हुँदै मार्फा मुख्य राजमार्ग जोडिने गरी पाँच दशमलव पाँच किमी ग्राभेल सडकको काम अघि बढाइएको पूर्वाधार विकास कार्यालयका सूचना अधिकारी इञ्जिनियर घनश्याम रोकामगरले जानकारी दिए ।

निर्माण कम्पनी बन्दना भगवती निर्माण सेवाको चरम ढिलासुस्ती र बेवास्ताका कारण यहाँको थाक पाँचगाउँ जोड्ने घरपझोङ चक्रपथ सडक सम्पन्नमा विलम्ब भइरहेको थियो ।

सुरुआती ठेक्का सम्झौताअनुसार २०७७ माघमा सकिनुपर्ने भए पनि निर्माण कम्पनीले कोरना माहामारी, प्रतिकूल मौसम र हिमपातलगायत कारण देखाउँदै सातौं पटकसम्म म्याद थप गरेको थियो ।

यहाँको घरपझोङ-४, ५, १ र २ जोड्ने चक्रपथको लागत रु २४ करोड ४५ लाख ७४ हजार रहेको सूचना अधिकारी रोकामगरले जानकारी दिए ।

घरपझोङस्थित थाक पाँच गाउँ जोड्ने सडक अन्तिम चरणमा पुगेको र चालु आवभित्रमा सडक कार्यालयलाई हस्तान्तरण गरिने उनले बताए । सडकको पछिल्लो भौतिक प्रगति ९३ प्रतिशत र वित्तीय प्रगति ८८ प्रतिशत रहेको छ ।

चक्रपथको ६ किलोमिटर नाली निर्माणसहित ढुम्बातालसम्मको पाँच किलोमिटर सडक कालोपत्र भइसकेको छ । त्यसैगरी ढुम्बातालदेखि छैरो-चिमाङसम्मको दूरीमा चट्टान काटेर नयाँ सडक ट्र्याक खोलेर नालीसहित पाँच मिटर चौडा ग्राभेल सडक विस्तार भइसकेको सूचना अधिकारी रोकामगरको भनाइ छ ।

चक्रपथमा ट्राफिक सङ्केतका पोल गाड्ने, नाली सफा गर्ने र सडकको जोखिमयुक्त स्थानमा सवारी दुर्घटना रोक्न बार लगाउने काम भइरहेको छ ।

त्यसैगरी चक्रपथ सडकले ठिनी, ढुम्बा, छैरो र चिमाङलगायतका गाउँ सडक सञ्जालले जोडिएकाले त्यहाँका किसानले उत्पादन गरेका स्याउलगायत अन्नबाली, फलफूल र तरकारी यातायातका साधनमार्फत ढुवानी गर्न सजिलो भएको छ ।

# 'पकेट' क्षेत्रमै सुक्यो सुन्तलाका बोट



**पर्वत–** सुन्तलाखेतीका लागि पकेट क्षेत्रका रूपमा विकास गरिएको पर्वतको मोदी गाउँपालिका-२ देउपुरमा सुन्तलाका बोट धमाधम सुक्न थालेका छन् । पछिल्ला केही वर्षयता जलवायु परिवर्तनको असरसँगै तापक्रम वृद्धि र विभिन्न रोगकीराको सङ्क्रमणपछि सुन्तलाका बोट मर्न थालेका हुन् ।

धान, कोदो, मकैजस्ता मुख्य बाली छाडेर सुन्तला रोपेका यहाँका किसान अहिले वैकल्पिक खेती गर्न थालेका छन् । उनीहरूले सुन्तलाको विकल्पमा केरा, कफी, अम्बा, अदुवा, बेसार र कोदोखेती गर्न थालेका हुन् ।

कुनै समय जिल्लामै सबैभन्दा बढी पाँच सय बोट सुन्तला लगाएर मनग्गे कमाइ गर्ने स्थानीय ७३ वर्षीय टीकाराम जैसी अहिले सुन्तलाखेतीबाट विस्थापित भएका छन् । उनले अहिले मौरीपालन र अदुवा, बेसारखेती गरेका छन् । सुन्तला बगान अहिले सुकेका बोट र झाडीले भरिएको छ । सबै बोट सुकिसकेपछि उहाँले मोदी गाउँपालिका र कृषि ज्ञान केन्द्रका प्राविधिकलाई समस्या पत्ता लगाइदिन अनुरोध गरे । काठमाडौँसम्म लगेर परीक्षण गर्दा 'सिट्रस ग्रिनिङ' रोगको जोखिम थाहा भएपछि उनले सुन्तलाखेती नै छाडेका हुन् । सात रोपनी क्षेत्रफलमा सुन्तलाखेती गर्दै आएकी सोही ठाउँकी डिलकुमारी तिमिल्सिनाले पनि अहिले सुन्तलाका बोट मासेर केरा, कोदो र अदुवाखेती लगाएको बताए । घरअगाडिको बगैँचाका सुन्तलाका सबै बोट मरेपछि अहिले सुन्तलाका दाउरा बनाइएको छ । लामो समयदेखि सुन्तलाको व्यावसायिक खेती गर्दै आएका किसान विस्थापित बन्दै गइरहेको स्थानीय दाताराम चापागाईंले जानकारी दिए । विगत केही वर्षअघिसम्म वार्षिक रु पाँच करोडभन्दा बढीको सुन्तला बिक्री हुने यो गाउँमा अहिले मुस्किलले रु दुई करोडसम्म भित्रिने चापागाईंको अनुमान छ । लाखौं लगानी गरेर सुन्तलाखेती गरिरहेका किसान चिन्तित बनेका उनले बताए । मोदी गाउँपालिकाको कृषि शाखा प्रमुख स्मृति तिमिल्सिनाले देउपुरको सुन्तला बगैँचामा अब अम्लीय जातका फलफूलको उत्पादन हुन नसक्ने बताए । 'क्यान्डीडट्स लिबेरीब्याक्टर एसिअटिकस' नामक 'ब्याक्टेरिया'ले त्यहाँका बगैँचा सखाप पारिदिएको भन्दै उनले उक्त बगैँचामा वैकल्पिक खेती गर्नंको विकल्प नरहेको बताए ।

पातहरूमा पहेँलो र हरियो भाग मिसिएको रङ देखिँदै फल सानो, बाङ्गो, स्वादमा गुणस्तर घट्दै जाने र बीउ असमान बन्दै जान थालेको भन्दै तिमिल्सिनाले क्रमशः कमजोर हुँदै गएर रुख मर्ने नै यसको समस्या रहेको बताए । सङ्क्रमित रुख तुरुन्त उखेल्ने र नष्ट गरेर त्यहाँको हावापानीअनुसारको खेती गर्नं नै उत्तम विकल्प हुने उनको सुझाव छ । कृषि शाखा प्रमुख तिमिल्सिनाले त्यो ठाउँमा अम्लीय जातका फलफूलको विकल्पका रूपमा केरा, कफी, कोदो, अदुवा, अम्बा, बेसारलगायतका खेती गर्न सकिने सुझाव दिएका छन् ।

यहाँका झण्डै एक सय ५० परिवार व्यावसायिक सुन्तलाखेती गर्दै आएका थिए । सुन्तलाखेतीमा समस्या आएपछि किसानको आकर्षण घट्दै गएको स्थानीय भूमिराज शर्माले बताए ।

# राष्ट्रिय परिचय पत्रसँग आबद्ध गरी प्यान नम्बर आफैंले लिन सकिने प्रणाली सुरु



**काठमाडौं–** राष्ट्रिय परिचय पत्रसँग आवद्ध गरी व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान) आफैले लिन सकिने प्रणालीको शुभारम्भ गरिएको छ ।

अर्थमन्त्री रामेश्वर खनालले सोमबार कर दिवसको अवसरमा यस्तो प्रणालीको सुरुवात गरेका हुन् । उनले वार्षिक ४० लाखसम्मको आय भएका र एकल रोजगारदाता भएका प्राकृतिक व्यक्तिका लागि क्यूआर कोडसहितको अनलाइन कर चुक्ता प्रमाणपत्र लिने प्रणालीको समेत सुरुवात गरे ।

सो अवसरमा अर्थमन्त्री खनालले नेपाललाई अन्तर्राष्ट्रिय रुपमा लगानीको आकर्षक गन्तब्य बनाउन पूर्वानुमानयोग्य नीति र नीतिगत स्थिरता कायम गर्न मन्त्रालयको संरचनागत पक्षमा सुधार गरिएको बताए ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १७,
२०८२ साल मंसिर २ गते मंगलबार
18 NOVEMBER 2025, TUESDAY

# 'डेडिकेटेड' विवादमा उद्योगीले गुहारे प्रधानमन्त्री, ऊर्जामन्त्रीले गरे दुष्प्रचार

**काठमाडौं–** ऊर्जामन्त्री कुलमान घिसिङले १७ कात्तिकमा नेपाल उद्योग वाणिज्य महासंघ र सरकारबीच भएको सहमति कार्यान्वयनका लागि प्रधानमन्त्री कार्यालयले दिएको निर्देशन पालना नगरी उल्टै दुष्प्रचार गरेको भन्दै पीडित उद्योगीले प्रधानमन्त्री गुहारेका छन् ।

'डेडिकेटेड' बक्यौता विवादमा बक्यौता रकमको २८ किस्ताको एक किस्ताबापत रकम धरौटी बापत नेपाल विद्युत् प्राधिकरणले स्वीकार्ने र त्यसपछि प्रशासकीय पुनरावलोकन समिति ब्युँताउने सहमति प्रधानमन्त्रीसँग भएपछि आफूहरूले त्यस अनुसार धरौटी जम्मा गरेको तर ऊर्जा मन्त्रालय र प्राधिकरणले त्यो पालना नगरेको भन्दै उद्योगीले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका हुन् ।

निजी क्षेत्रसँग भएको सहमतिपछि प्रधानमन्त्री कार्कीले विद्युत् महसुल विवाद सम्बन्धी प्रशासकीय पुनरावलोकन समिति ब्युँताउन ऊर्जा मन्त्रालय समक्ष गरेको पहललाई पीडित तथा प्रताडित उद्योगी समूहले स्वागत गरेको छ ।

'नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको २१ वैशाख २०८२ को निर्णयबाट उद्योगलाई प्रशासकीय पुनरावलोकनका लागि धरौटी राख्ने निवेदन दिने अवसर प्रदान गरेकोमा त्यस्तो पुनरावेदन विचाराधीन नै रहेको अवस्थामा १० असोज २०८२ को सञ्चालक समितिले पुनर्निर्णय गरी भइरहेको पुनरावलोकन प्रक्रिया नै खारेज गरिदिएको थियो,' उद्योगी समूहले भनेको छ, 'त्यो प्रक्रिया पुनर्जीवित गर्न प्रधानमन्त्रीले दिएको निर्देशनलाई उर्जा मन्त्रालयले अहिलेसम्म कार्यान्वयन गरेको छैन, अर्थात् अहिलेसम्म प्रशासकीय पुनरावलोकन समिति ब्युँतिएको छैन, पुनरावलोकन समिति पुनर्जीवित गरिदिन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष आग्रह गर्दछौं ।'



प्रधानमन्त्री कार्कीले प्रशासकीय पुनरावलोकन समिति ब्युँताउने वाचा गरेपछि आफूहरूले धरौटी बापत रकम बुझाएको तर त्यो प्रक्रिया नब्युँतिएपछि आफूहरू चिन्तित रहेको उद्योगीहरूको भनाइ छ । सरकारसँग भएको सहमति अनुरूप पुनरावलोकन प्रक्रिया ब्युँताउनुपर्नेमा ऊर्जामन्त्री घिसिङ उल्टै भ्रामक टिप्पणी गर्दै हिँडेको उद्योगीहरूको आरोप छ ।

'हामीले खाँदै नखाएको विष लागेको अवस्था छ, अर्थात् बाल्दै नबालेको बिजुलीको अतिरिक्त महसुल प्राधिकरणले लिन खोजेको छ, अहिले पनि उर्जामन्त्री घिसिङले सामाजिक सञ्जाल फेसबुकबाट जनतालाई अँध्यारोमा राखेर उद्योगलाई डेडिकेटेड तथा ट्रंक लाइन मार्फत निरन्तर बिजुली उपलब्ध गराएको भनेर भ्रामक सन्देश फैलाइरहनु भएको छ,' पीडित उद्योगीले जारी गरेको विज्ञप्तिमा छ, 'तर, आजसम्म घिसिङले चरम लोडसेडिङ हुँदाका बखत उद्योगले निरन्तर बिजुली उपभोग गरेको प्रमाण दिन सक्नुभएको छैन ।'

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा गठित सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लाल अध्यक्ष र बाहलवाला दुई सचिव सम्मिलित जाचबुँझ आयोगले समेत डेडिकेटेड लाइनका हकमा २९ पुस २०७२ देखि १० फागुन २०७२ सम्म र ट्रंक लाइनका हकमा १ साउन २०७३ देखि २५ कात्तिक २०७३ सम्म लोडसेडिङका बखत बिजुली उपभोग गरेको प्रमाण दिएर फरक रकम (थप प्रिमियम रकम) असुल उपर गर्नू भन्ने सिफारिस गरेको उद्योगीले स्मरण गराएका छन् ।

'त्यही प्रतिवेदनलाई आधार मानेर सरकारले मन्त्रिपरिषद् बैठकबाट सोही अनुरूप प्राधिकरणले प्रमाण दिने र उद्योगीले प्रमाण प्राप्त गरेपछि रकम भुक्तान गर्नंपर्ने निर्णय गरेको थियो,' उद्योगीले भनेका छन्, 'उक्त निर्णय समेतलाई प्राधिकरण नेतृत्व र ऊर्जा मन्त्रालयले बेवास्ता गरेको जानकारी गराउँछौं ।'

जिम्मेवार मन्त्री तथा विभागीय प्रमुखले बारम्बार अनावश्यक प्रचार-प्रसार गरेर उद्योगीको मानमर्दन गरिरहेको, तथ्यहीन कुरा सामाजिक सञ्जालमा राखेर भ्रम फैलाइरहेको उद्योगीले बताएका छन् । त्यसले व्यावसायिक वातावरण सप्रिने भन्दा झन् बिग्रिने अवस्था आउने उनीहरूको भनाइ छ ।

'पहिलो कुरा, प्राधिकरणले समयमै बिल नपठाउने, फरक रकम माग गर्दा प्रमाण नदिने, सरकारको कुनै निर्देशन नमान्ने र सामाजिक सञ्जालमा मात्रै दुष्प्रचार गर्ने कार्य भएको छ, यस्ता कार्य तत्काल बन्द हुनु सबैका लागि हितकर हुन्छ,' उद्योगीहरूको विज्ञप्तिमा छ ।

न्यायिक प्रक्रियाद्वारा समस्या समाधान गरी आर्थिक तथा व्यावसायिक वातावरण सुधार्न सबै पक्षको पहल कदमी आवश्यक रहेको उनीहरूको भनाइ छ ।

## अन्तराष्ट्रिय

# मक्काबाट मदिना जादैं गरेका ४२ भारतीयको मृत्यु

**काठमाडौं–** मक्काबाट मदिना जाँदै गरेको बस दुर्घटना हुँदा ४२ जना भारतीय यात्रुहरूको मृत्यु भएको छ ।

साउदी अरबमा सोमबार हैदराबादका यात्रुहरूलाई मक्काबाट मदिना लैजाँदै गरेको बस दुर्घटनामा परेको हो । मृत्यु हुनेमा २० महिला र ११ बालबालिका रहेका छन् ।

स्थानीय सञ्चारमाध्यमका अनुसार बस डिजेल ट्याङ्करसँग ठोक्किएपछि बसमा आगो लागेको थियो । प्रारम्भिक रिपोर्टहरूमा दाबी गरिए अनुसार, मृत्यु हुने सबै भारतीय हुन् । उनीहरूमध्ये धेरैजसो यात्रु हैदराबादबाट तीर्थयात्रा जाँदै थिए ।

यो दुर्घटना मदिनाबाट करिब १६० किलोमिटर टाढा मुहरास नजिकै भारतीय समयअनुसार राति करिब १:३० बजे भएको थियो । त्यस



समयमा धेरै यात्रुहरू सुतिरहेका थिए, जसले गर्दा ठोक्किएपछि बसमा आगो लाग्दा मानवीय क्षति बढेको हो । तेलंगाना सरकारले रियादस्थित भारतीय दूतावासको लगातार सम्पर्कमा रहेको बताएको छ । राज्य सरकारले जारी गरेको विज्ञप्तिमा मुख्यमन्त्री रेवन्त रेड्डीले दिल्लीमा रहेका अधिकारीहरूलाई दूतावाससँग समन्वय गरेर पीडितहरूको पहिचान र अन्य औपचारिकताहरूमा सहयोग गर्न निर्देशन दिएका छन् ।

# कटारी–घुर्मी सडक स्तरोन्नतिको माग गर्दै कुलमानलाई ज्ञापनपत्र

**काठमाडौं–** सिद्धिचरण राजमार्गकोको कटारी-घुर्मी सडकखण्ड तत्काल स्तरोन्नतिको माग गर्दै भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङलाई ज्ञापनपत्र बुझाइएको छ ।



कटारीका स्थानीय युवाहरूको समूहले आइतबार सिंहदरबारमा मन्त्री कुलमान घिसिङ समक्ष ज्ञापनपत्र बुझाएका हुन् । उनीहरूले जीर्ण अवस्थामा रहेको सडक तत्काल सुधार गर्न माग गरेका छन् । वर्षौंदेखि धुलाम्य र हिलाम्मे अवस्थाका कारण सवारीसाधन सञ्चालनदेखि दैनिक जीवनसम्म प्रभावित बन्दै आएको उक्त सडक अहिले ठाउँ-ठाउँमा खाल्डाखुल्डीले भरिएको छ । धुलो-धुवाँका कारण स्वास्थ्यमा समेत समस्या देखिन थालेको स्थानीय गुनासो गर्दै आएका छन् । जीर्ण सडकका कारण दुर्घटना हुने गरेको र मान्छेको ज्यानसम्म जाने गरेको स्थानीयको गुनासो छ । चुनावका बेला नेताहरूले सडक स्तरोन्नति गर्ने आश्वासन दिए पनि बाचा पूरा नभएको भन्दै स्थानीय युवाहरूले मन्त्री घिसिङलाई ज्ञापनपत्र बुझाएका हुन् । सडक संघर्ष समितिका संयोजक लीलबहादुर खत्रीका अनुसार मन्त्री घिसिङले सडक निर्माणका लागि एक महिनाभित्र ठेक्का प्रक्रियामा जाने प्रतिबद्धता व्यक्त गरेका छन् ।

'केही दिनअघि हामीले दबाब दिन सडक बन्द समेत गरेका थियौं । अहिले मन्त्रीज्यूबाट आएको प्रतिबद्धतापछि अब सडक निर्माण अघि बढ्ने विश्वास गरेका छौं,' संयोजक खत्रीले भने ।

कटारी-घुर्मी सडक तराईसँग ओखलढुंगा, खोटाङ, सोलुखुम्बुजस्ता पहाडी जिल्ला जोड्ने महत्वपूर्ण पूर्वाधार हो । सडक जीर्ण हुँदा पहाडी जिल्लाका सर्वसाधारणलाई प्रदेश राजधानी विराटनगर पुग्न सकस छ ।

**क्रिकेट खेल्ने सपना**

खेलाडी मिलिन्द कुमारले अलराउन्ड प्रदर्शन गरे भने ब्याटिङमा इंग्लिस ओपनर बेन चार्ल्सवर्थको शानदार सुरुवात भएको थियो । पहिलो खेलको पिच स्पीन बलरलाई धेरै फलदायी रहेको पनि देखिएको छ । काठमान्डुले लिएका ६ मध्ये ५ विकेट स्पीनर बलरवाट सम्भव भएको थियो भने जनकपुरले लिएका ५ मध्ये ४ विकेट स्पीनरले लिए ।

**राष्ट्रिय टिमका आसिफको पहिलो अर्धशतक**

जनकपुर वोल्टवाट खेलिरहेका राष्ट्रिय टिमका खेलाडी समेट रहेका आसिफ शेखले दोस्रो संस्करणको पहिलो खेलमा अर्धशतक बनाएका छन् । उनले ४१ बलमा ६ चौका र १ छक्कासहित ५४ रन बनाएर पहिलो खेलमा नै अर्धसतक बनाएका हुन् ।

आसिफले सुरुवातदेखि नै अट्याकिङ शटहरू खेलेपनि अर्को एन्डबाट विकेट गइराख्दा दबाबमा परेका थिए । फलस्वरुप उनले इनिङलाई लम्ब्याउन सकेनन् । आसिफको स्कोर खेलको सबैभन्दा उच्च स्कोर रह्यो तर उनको टोली भने विजयी हुन सकेन । कप्तान अनिलले पनि आसिफलाई साथ दिन अर्को इन्डमा कोही नभएको र त्यहीकारण साझेदारी नबन्दा राम्रो स्कोर खडा गर्न नसकेको बताए ।

'आसिफले राम्रो स्टार्ट गरेका थिए, उनलाई साथ दिन कोही भएन, १३० रन धेरै कम नै बनेको हो' अनिलले भने, 'हामीले १५० भन्दा माथिको स्कोर सोचेका थियौ ।'

**युवा खेलाडीहरूलाई मौका**

खेलमा दुवै टोलीले यू-१९ स्तरमा खेलेका खेलाडीहरूलाई पनि मौका दिएका थिए । जनकपुरका मयन यादव तथा काठमान्डुका सन्तोष यादव र आकाश त्रिपाठीले नेपालको यू-१९ टोलीबाट खेलेका छन् । यी तीनवटै खेलाडीको प्रदर्शन खेलमा राम्रो रह्यो । मयन यादवले जनकपुर ७८-५ को अवस्थामा हुँदादेखि लाहिरु समारकूनसँग साझेदारी बनाउँदै लगेका थिए । मयनले २९ बलमा ४ चौका र १ छक्कासहित अविजित ३४ रन बनाए । उनले लाहिरु समारकूनसँग मिलेर ४८ रनको साझेदारी गरेका थिए जुन् जनकपुरका लागि इनिङकै सर्वाधिक साझेदारी थियो ।

यता काठमान्डुका लागि सन्तोष यादवले ३ ओभरमा १७ रन दिएर १ विकेट लिए । उनले अमेरिकी ब्याटर सञ्जय कृष्णमुर्तीलाई बोल्ड गरेका थिए । त्यस्तै काठमान्डुका ओपनर आकाश त्रिपाठीले पनि ५ चौकासहित ३९ रन बनाए । उनले बेन चार्ल्सवर्थसँग मिलेर पहिलो विकेटका लागि ७० रनको साझेदारी गरेका थिए । त्यही सुरुवातले काठमान्डुको जितको आधार तय भएको थियो ।

**फ्लडलाइटमा खेल्न पाउादा खेलाडीहरु खुसी**

पहिलोपटक नेपालमै फ्लडलाइटमा खेल्न पाउँदा खेलाडीहरू पनि उत्साहित रहे । काठमान्डुका कप्तान करण केसीले ऐतिहासिक खेल भएको र धेरै खुसी लागेको बताएका छन् । 'ऐतिहासिक क्षण रह्यो । पहिलो खेल थियो फ्लडलाइटमा खेल्न पाउदा धेरै खुसी लागेको छ, दर्शकको पनि राम्रो साथ रह्यो' करणले भने, 'अलिअलि चिसो पनि भयो, तर जित निकाल्न पाउँदा खुसी नै लागेको छ ।'

यस्तै जनकपुरका कप्तान अनिल साहले पनि नेपालमै फ्लडलाइटमा खेल्ने सपना पूरा भएको बताउँदै धेरै खुसी लागेको बताए ।

नेपालमा पनि खेलकुद विकासको लागि एउटा मात्र भएपनि फ्लडलाइटमा खेल्न पाउने क्रिकेट मैदान बनेको छ । टि ट्वान्टी विश्वकपमा छनौट भईसकेको नेपालले यो एनपिएल सिजन टुमा नेपाली त्रिकेट खेलाडीहरुलाई फ्लडलाइटमा खेल्ने वानीको अभ्यास हुनेछ। यस अभ्यासले अन्तराष्ट्रियस्तरमा खेल्न सहज हुनेछ । नेपालले क्रिकेट प्रतियोगिताहरुमा पछिल्ला दिनमा गर्दै आएको प्रगतिलाई राष्ट्रले पनि भौतिक सरचनाको विकास गर्दै खेलाडीहरुलाई उत्साहित बनाउदै लगेको छ ।

फुटवलको लागि भक्तपुरमा ५० हजार क्षमता अट्ने रंगशाला बनाउने गुरु योजना राष्ट्रिय खेलकुद परिषदको पहलमा भन्ने समाचार आएको थियो । नेपालमा यस्ता अन्तराष्ट्रियस्तरका खेलकुदका भौतिक सरचना बनाएर प्रतियोगिता गराउन सकेमा खेलकुद पर्यटनवाट मात्रै नेपालले अराबौ अरब आम्दानी गर्न सक्ने सम्भावना रहेको छ । यतापटी सम्बन्धित निकायहरुले ध्यान दिएर दिर्धकालीन योजना आगाडी सार्न सकुन् ।

**मन्त्री पुन...**

सामाजिक सञ्जाल फेसबुमा उनले लेखेका छन्, 'हेर्नहोस १२३ दल दर्ता भैसके र ३२ दल दर्ता हुने प्रकृयामा रे यिनीहरूले आफूलाई पुर्ने खाल्डो आफैं खन्दैछन् ।'

उनले जेनजीहरुको यो तालले पुनः पुरानै राजनीतिक दल र नेताहरुकै शासन फर्किने टिप्पणी गर्दै जेनजी आन्दोलनको लक्ष्य तुहिने बताएका छन् ।

'यस्तै ताल हो भने नेपालमा वृद्ध नेताहरुको संरक्षणमा खाई पल्केका जाली फटाहा नेताहरुको र आसेपासेहरुको शासन फेरि फर्किन्छ', उनले लेखेका छन्, 'जेन-जी आन्दोलनको लक्ष्य तुहिएर जान्छ र अहिलेको मन्त्री मण्डलले गरेको राम्रो र सकारात्मक कामहरु र निर्णयहरु पुरानै पापी भ्रष्टाचारी पार्टीहरु फेरि निर्वाचित भएर आए भने उलट्याउँछन् ।' निर्वाचन आयोगका अनुसार आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि हालसम्म जम्मा १२३ दल दर्ता भएका छन् भने ३२ प्रक्रियामा रहेका छन् । नयाँ दर्ता हुनेमा केही दलहरु जेनजी अगुवाहरुले नेतृत्व गरेका दलहरु हुन् ।

**मुख्यमन्त्री बानियाँ...**

मन लागेको पार्टीलाई भोट हाल्न पाउने, मन लागेको उम्मेद्वारलाई भोट हाल्न पाउने यो भन्दा सुन्दर व्यस्वथा यो दुनियाँमा अरु नभएको उनको भनाइ छ । नेपालको वर्तमान संविधानले समावेशी, समानुपातिक र सबैको प्रतिनिधित्वलाई स्वीकार गरेको उल्लेख गरे ।

'व्यक्ति बदल्न पाउने, दल बदल्न पाउने, मन लागेको पार्टीलाई भोट हाल्न पाउने, मन लागेको उम्मेद्वारलाई भोट हाल्न पाउने यो भन्दा सुन्दर व्यवस्था यो दुनियाँमा अरु छ जस्तो मलाई लाग्दैन,' मुख्यमन्त्री बानियाँले भने, 'यो समावेशी छ, समानुपातिक छ, सबैको प्रतिनिधित्वलाई स्वीकार गरेको छ । सबै वर्ग, समुदाय, सबै भाषाभाषी, सबैको धर्म संस्कृतिको सबैलाई यो व्यवस्थाभित्रको संविधानले समेटेको छ ।'

यद्यपि संविधानमा भएको केही व्यवस्थाका कारण अस्थिरता भने आइरहेको उनको भनाइ छ । अस्थिर र बढ्दो भ्रष्टाचारका कारण भदौ २२ र २३ गते अकल्पनीय जेन-जी विद्रोहको सामाना गर्नंपरेको उनले जिकिर गरे ।

'भदौ २२ र २३ गते अकल्पनीय प्रकोप आयो, यो चाहीँ अप्राकृतिक प्रकोप भयो । अहिले यत्रतत्र कुरा आईरहेको छ, जेनजी पुस्ताको पीडा थियो । मुलुक बनेन, सोचेको अनुसार अगाडि बढेन । लामो समय नेतृत्व उस्तै उस्तै अनुहार । परिवर्तन नेतृत्वको न देशको । देशको परिवर्तन भए नेतृत्व उही भएनी केही फरक थिएन होला,' उनले भने । सोचेअनुसारको मुलुक नबनेकोप्रति सबै चिन्तित बनेको उल्लेख गर्दै उनले लामो समयदेखि उस्तै नेतृत्व र अनुहारले देश चलाउँदा परिवर्तन नभएको उनको भनाइ छ । 'जेनजी पुस्तालाई सामाजिक सञ्जालदेखि लिएर भ्रष्टाचारको कुराले धेरै पिरलेको थियो । हामी सबैलाई पनि थियो तर त्यो किसिमको परिस्थिति कुनै दलको नेताले या दलले त्यसलाई ठिक ढंगले ठिक तरिकाले आवाज उठाउँदै गरेतापनि परिणाम नआएपछि, परिमाण र कुरा संगसंगै गरेर जेनजी पूस्ताले द्रुत गतिमा आफ्ना कुराहरुलाई राख्दा जुन किसिमको परिस्थिति निर्माण भयो, त्यसले नयाँ सरकार अहिले बनेको अवस्था छ,' उनले भने ।

**सञ्चारमन्त्री...**

खरेलले नेपालको प्राथमिकता, साझेदार संस्थासँगको सहकार्य एवं साझेदारिताका विषयमा धारणा राखेका थिए । त्यस क्रममा कोरिया सरकार र त्यहाँको नेसनल इनफर्मेसन सोसाइटी एजेन्सी (एनआइए) ले पनि नेपाललाई सहकार्य गर्ने र आपसी सझेदारिताका विषयमा पनि परामर्श भएको जनाइएको छ । फोरममा दक्षिण कोरिया लागि नेपालका राजदूत डा शिवमाया तुम्बाहाम्फेलगायत सहभागी थिए । दक्षिण कोरियामा रहँदा सञ्चारमन्त्री खरेलले सिओल एआई फाउन्डेसनद्वारा सञ्चालित 'सिओल एआई स्मार्ट सिटी सेन्टर'को अवलोकन भ्रमण गरे । यस्तै, उनले सिओलस्थित नेपाली राजदूतावासको अवलोकन गरेका थिए । मन्त्री खरेलसँग नेपाल पत्रकार महासङ्घ दक्षिण कोरिया शाखाले नेपाली समुदायसँग साक्षात्कार कार्यक्रम गरेको थियो ।

डिजिटल र एआई ट्रान्सफर्मेसनः एसडिजी र दिगो विश्वव्यापी भविष्य हासिल गर्ने विषयअन्तर्गत फोरममा 'एचिभिङ द एसडिजी एन्ड ए फ्युचर' विषयक फोरममा नेपाल, भूटान, श्रीलङ्का, पाकिस्तान, कम्बोडिया, लाओ पिडिआर, भियतनाम, काजकिस्तान, मङ्गोलिया र उब्जेकिस्तानका मन्त्रीहरु तथा वरिष्ठ नीति निर्माताहरु सहभागी भएका थिए ।

एसिया प्रशान्तका लागि संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक आयोग र अन्य अन्तर्राष्ट्रिय संस्था पनि कार्यक्रममा सहभागी भएका सञ्चारमन्त्रीको सचिवालयले जनाएको छ ।

**प्रचण्ड...**

वातावरण बनाउन सबैको बीचमा सहमति चाहिन्छ ।'

उनले सरकारले घोषणा गरेको फागुन २१ गते नै निर्वाचन हुनुपर्नेमा जोड दिए । पार्टीको पूर्वपदाधिकारीहरूको बैठक मंगलबा टुङ्ग्याउने उनले जानकारी दिए ।

'जिम्मेवारी बाँडफाँड र एकताको सन्देश समानान्तर रूपले लैजाने भन्ने भएको छ । धेरै राम्रा सुझावहरू आएका छन् । हामी भोलि टुङ्ग्याउँछौं,' उनले भने ।

**मिराज ढुङ्गाना...**

गरे । 'जो पनि जेनजी साथीहरू हुनुहुन्छ । तपाईहरूले सोझै निर्वाचन नभनिदिनुहोला,' उनले भने ।

यथास्थितिमा निर्वाचनमा जाने कुरा नगर्न जेनजी पुस्ताहरूलाई आग्रह गरेका उनले देश रोइरहेको अवस्थामा निर्वाचनमा जाने कुरा गर्दा यसको स्वाधिनतामाथि प्रश्न चिन्ह खडा हुने चेतावनी समेत दिए । 'केही नगरी हामी निर्वाचनमा गयौं भने हाम्रो देश धेरै लामो समयसम्म स्वाधिन रहला भन्ने कुरा पनि क्वेशनएवल हुन्छ,' उनले भने । सर्वपक्षीय वार्ता गरेर मात्रै निर्वाचनमा जानुपर्नेमा उनको जोड छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# निर्माता संघको अध्यक्षमा उदय र महासचिवमा खगेन्द्र विजयी




**काठमाडौं–** निर्माताहरूको छाता संस्था नेपाल चलचित्र निर्माता संघको अध्यक्षमा उदय सुब्बा विजयी भएका छन् । सोमबार काठमाडौंमा सम्पन्न संघको चुनावी साधारण सभामा सुब्बाले आफ्ना प्रतिद्वन्द्वी सुनिलकुमार थापालाई २७ मतले पछि पार्दै नेतृत्व हात पारेका हुन् । कुल २८० मत खसेकोमा सुब्बाले १५३ र थापाले १२६ मत प्राप्त गरे ।

त्यस्तै, महासचिवमा कलाकार तथा 'पशुपति प्रसाद'का निर्माता खगेन्द्र लामिछाने विजयी भएका छन् । उनले आफ्ना प्रतिद्वन्द्वी किरण नेपाललाई २७ मतले पराजित गर्दै १५२ मत ल्याए भने किरणले १२५ मत पाए । सचिवमा युवराज गिरी निर्वाचित भएका छन् । उनका प्रतिद्वन्द्वी किसान पोखरेलले ११२ मत पाउँदा गिरीले १५९ मत प्राप्त गरे ।

उपाध्यक्षमा 'दिमाग खराब'का निर्माता रौनकविक्रम कँडेल र ज्योतिराज राई सर्वसम्मत चुनिएका छन् भने कोषाध्यक्षमा 'डिसेम्बर फल्स'का निर्माता रामप्रसाद रिजाल निर्विरोध छानिएका छन् । सदस्य पदमा पनि ७ जना सर्वसम्मत निर्वाचित भए । चुम्बनजंग शाही, टंकबहादुर बुढाथोकी, श्रीधर पौडेल, मनोजकुमार अधिकारी, प्रवीण कार्की, घनेन्द्र थपलिया र राजकुमार पण्डित सदस्यमा चुनिएका हुन् । ९ जना सदस्यमा ७ जनाको मात्र आवेदन परेको थियो ।

# १६ दिनमा 'परान'को कमाइ झन्डै १० करोड, 'जारी २'को कति ?

**काठमाडौं–** यतिबेला हलहरू प्रदर्शनरत चार नेपाली फिल्मको आधिकारिक बक्स अफिस तथ्यांक सार्वजनिक भएको छ । सोमबार चलचित्र विकास बोर्डले 'जेरी अन टप', 'परान', 'जारी २' र 'मन बिनाको धन'को कमाइ विवरण सार्वजनिक गरेको हो । जसमा सबैभन्दा धेरै कमाइ 'जेरी अन टप'को देखिन्छ । यसले ३० दिनमा १२ करोड ७ लाखभन्दा माथिको ग्रस व्यापार गरेको छ ।



नेपालभर प्रदर्शन भइ रहेका स्वदेशी चलचित्रहरूको कार्तिक २९ गते शनीवार बेलुका ११:५९ सम्मको आधिकारिक बक्सअफिस@सिनेपाः विवरण।

BOXOFFICE @सिनेपाः

| चलचित्र (Movie) | विक्रि भएका टिकट संख्या (Actual Tickets) | आर्थिक आम्दानी (Actual Gross Revenue) |
|---|---|---|
| जेरी अन टप (Jerry on Top) | ३,८५,९२८ | रु. १२,०७,३४,२४६.९ |
| परान (Paran) | ३,४७,१७५ | रु. ९,८६,९४,७६४.३१ |
| जारी २ (Jaari 2) | १,६२,३३३ | रु. ४९२,२२९७६.८ |
| मन बिनाको धन (Man Binako Dhan) | ९०,५२६ | रु. २,४३,३५,५८७.७७ |

यो रिपोर्ट बोर्डको आधिकारिक बक्सअफिस@सिनेपाः प्रणालीमार्फत प्राप्त आधिकारिक तथ्याङ्क हो। आगामी दिनहरूमा पनि चलचित्र विकास बोर्डले आधिकारिक बक्स अफिस विवरण सार्वजनिक गर्दै जानेछ।

कमाइको मामलामा 'परान' दोस्रो स्थानमा छ । यसले गत शनिबारसम्म कुल ९ करोड ८६ लाख ९४ हजार रुपैयाँ ग्रस कमाइ गरेको छ । आइतबारसम्म फिल्मले १० करोडको आँकडा पार गरेको देखिन्छ । अब 'जेरी अन टप'को रेकर्ड तोड्न 'परान' दुई करोडले मात्र टाढा छ । फिल्मको व्यापारिक रफ्तार अझै बलियो रहेकाले १५ करोडको आँकडा छुनसक्ने प्रक्षेपण गरिएको छ ।

'परान'पछि उच्च कमाइ फिल्म 'जारी २'को छ । यो फिल्मले कात्तिक २९ गतेसम्म ४ करोड ९२ लाख २२ हजार रुपैयाँ कमाएको बोर्डको तथ्यांकमा उल्लेख छ । आइतबारसम्म फिल्मको कमाइ ५ करोड नाघिसकेको छ । 'जारी २'लाई कमाइमा 'मन बिनाको धन'ले पछ्याइरहेको छ । यसको ९ दिनको कमाइ २ करोड ४३ लाख ३५ हजार रुपैयाँ ग्रस छ ।

# प्रचारमा 'हर्ष' : चितवनका दर्शक फकाउँदै वर्षा

**काठमाडौं–** प्रदर्शन मिति नजिकिँदै जाँदा फिल्म 'हर्ष'को प्रचार अभियान तीव्र बनाइएको छ । ट्रेलर र गीत सार्वजनिक भएपछि फिल्मको टिम प्रचारका लागि चितवन पुगेको छ । आइतबार फिल्मका कलाकारदेखि निर्देशकसम्मले त्यहाँका कलेज र महोत्सवमा उपस्थित भएर दर्शकसँग प्रत्यक्ष भेटघाट गरे । चितवन फिल्मकी निर्देशक एकता पौडेलको गृहजिल्ला समेत हो ।

आइतबार बिहान पत्रकार भेटघाटपछि निर्देशक पौडेलसहित फिल्मका कलाकारहरू सन्तोष पन्त, वर्षा राउत, साइमन वादी र कोरियोग्राफर सुनिल क्षेत्री चितवनको ग्लोरियस एकेडेमी (कलेज) पुगेका थिए । त्यहाँ उनीहरूले विद्यार्थीसँग फिल्मको गीतमा नृत्य समेत गरे । यसपछि फिल्मको टिमले नारायणी नदी किनारमा जारी 'खेलकुद तथा व्यापार महोत्सव'मा पुगेर प्रचार गऱ्यो ।

चितवनमा आयोजित पत्रकार भेटघाटमा निर्देशक पौडेलले सबैले भोगेको र देखेको कथामा आफूले फिल्म बनाएको बताइन् । अमेरिकामा फिल्म मेकिङको अध्ययन गरेकी उनले भनिन्, 'फिल्मको कथा नयाँ होइन । हामी सबैले हाम्रै वरपर देखेकै कथा हो । त्यसमा मैले फिल्म मेकिङ पढ्दा सिकेको 'टेक्निक'लाई 'मिक्स' गरेको छु । दर्शकलाई फिल्म मनपर्छ भन्ने विश्वास छ ।'

मंसिर १२ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्ममा सन्तोष, वर्षा र साइमनसहित खगेन्द्र लामिछाने, नीर शाह, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, लुनिभा तुलाधर, अंशु महर्जन, सुवर्ण थापा, सिर्जना नापित लगायतको अभिनय रहेको छ । यसमा आलोक शुक्लाको छायांकन, लोकेश बज्राचार्यको सम्पादन तथा समीर—हिमाल, वसन्त सापकोटा र एलिस कार्कीको संगीत छ ।

# 'मन बिनाको धन'को व्यापार २ करोड पार, कतारमा दुई शो नै हाउसफुल

**काठमाडौं–** गायक अशोक दर्जीको जीवनकथामा आधारित फिल्म 'मन बिनाको धन'ले घरेलु बक्स अफिसमा सुखद व्यापार गरिरहेको छ । प्रदर्शनको पहिलो साता १ करोड ६७ लाख कमाइ गरेको फिल्मले शनिबार बिहान ८ बजेसम्म २ करोडको आँकडा नघाएको छ । 'परान' र 'जारी २' जस्ता फिल्मसँग प्रतिस्पर्धा र न्यून शोका बाबजुद पनि फिल्मले गरेको कमाइलाई उत्साहजनक मान्न सकिन्छ ।

फिल्मले दोस्रो हप्ताको शनिबार पनि देशभर दर्शकको राम्रो साथ पाएको छ । शनिबार फिल्मको देशव्यापी अकुपेन्सी ७० प्रतिशत हाराहारी देखिएको छ भने काठमाडौंसहित भरतपुर, नेपालगञ्ज जस्ता सहरमा फिल्मका शोहरू बिहानैदेखि हाउसफुल छन् । फिल्मप्रति दर्शकको उत्साह र सकारात्मक प्रतिक्रियाका कारण धेरै हलले शो समेत बढाएका छन् ।

नेपालसँगै फिल्मले कतार, युएई र बहराइनमा पनि राम्रो प्रदर्शन गरेको छ । कतारमा बिहीबार र शुक्रबार फिल्मका दुई शो नै हाउसफुल भएका थिए । कतारमा दुई शो हाउसफुल हुने 'मन बिनाको धन' पहिलो नेपाली फिल्म बनेको वितरक कम्पनी साथीभाई इन्टरटेन्मेन्टले दाबी गरेको छ । युएई र बहराइनमा पनि फिल्मले सुखद व्यापार गरेको जनाइएको छ ।

'कथा जिरोदेखि हिरोसम्म'को ट्यागलाइन राखिएको यस फिल्ममा अशोक दर्जी, सन्तोष पन्त, रमा थपलिया, सरोज खनाल, नीता ढुंगाना, रमेश विश्वकर्मा, भोला सापकोटा, बुद्दि तामाङ, रवीन्द्र झा, उत्सव सापकोटा, एआर बुढाथोकी, शंकर श्रेष्ठ, साम्राज्ञी थापा, बिना राउत लगायतको अभिनय रहेको छ । संगीतकारको रुपमा परिचित टंक बुढाथोकीले फिल्मको निर्देशन गरेका हुन् ।

# "सहरिया बुहारी" टेलिसिरियलले १०० भाग पूरा गर्दै कलाकार तथा पत्रकारलाई सम्मान




काठमाडौं- सन्जीबीनी अनलाइन टिभीद्वारा निर्माण गरिएको लोकप्रिय नेपाली टेलिसिरियल 'सहरिया बुहारी' ले हालै आफ्नो १०० भाग पूरा गरेको छ । समाजमा शहरी जीवनशैली, पारिवारिक उतार चढाव र सम्बन्धका कथाहरू प्रस्तुत गर्ने यस सिरियलले दर्शकको मन जित्दै सयौं शतभागको यात्रा पूरा गरेको हो ।

सिरियलका कथालेखक तथा निर्देशक सन्तोष पौडेलको लेखन र निर्देशनमा तयार पारिएको यो सिरियलको उपलब्धि मनाउँदै, निर्माण टोलीले गत शुक्रबार विशेष सम्मान समारोह आयोजना गरेको थियो । उक्त कार्यक्रममा सिरियलमा अभिनय गरेका ४६ जना कलाकार र साथसाथै योगदान पुऱ्याएका १० जना पत्रकारहरूलाई सम्मान गरिएको थियो ।

समारोहमा उपसभामुख इन्दिरा राना मगर प्रमुख अतिथि तथा कलाकार संघका अध्यक्ष मोहन निरौला विशेष अतिथि रूपमा उपस्थित रहेका थिए । कार्यक्रमको अध्यक्षता सन्जीबीनी अनलाइन टिभीका सञ्चालक सन्तोष पौडेलले गरेका थिए । समारोहमा बोल्दै उपसभामुख राना मगरले कलाकारिताको यात्रा कठिन र संघर्षपूर्ण हुने बताउँदै, "भर्खरै १०० भाग पूरा गरेको 'सहरिया बुहारी'को टिमले नेपाली सिरियल क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याएको छ," भन्दै सम्पूर्ण कलाकार र निर्माण टोलीलाई शुभकामना दिइन् ।

त्यस्तै, कलाकार संघका अध्यक्ष मोहन निरौलाले पनि आफ्नो मन्तव्य राख्दै सिरियलको सफलताप्रति खुशी व्यक्त गरे । उनले भने, "सहरिया बुहारीले नेपाली समाजका वास्तविक पक्षहरूलाई सहज भाषामा प्रस्तुत गर्दै दर्शकको माया कमाएको छ । यसका सबै कलाकारलाई म हार्दिक बधाई दिन चाहन्छु ।"

कार्यक्रममा सहभागी कलाकारहरूले पनि १०० भाग पूरा भएको अवसरमा आफ्नो अनुभव र खुशी साझा गरेका थिए । 'सहरिया बुहारी' सिरियलले छोटो अवधिमै दर्शकको मनमा छुट्टै स्थान बनाउन सफल भएको छ, र अब यसको निर्माण टोलीले आगामी भागहरूमा अझ गहिरो कथा र उत्कृष्ट प्रस्तुति दिने प्रतिबद्धता जनाएको छ ।

# 'एक्लो'को पोस्टरमा दिनेशको 'द्रोण' रूप

**काठमाडौं–** नेपालको पहिलो साइन्स-फिक्सन फिल्म 'एक्लो-१'का मुख्य कलाकारमध्ये एक दिनेश डिसीको क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ । सोमबार उनको जन्मदिनको अवसरमा सार्वजनिक पोस्टरमा उनलाई 'द्रोण' नामक पात्रको रूपमा चिनाइएको छ । पोस्टरमा उनी गम्भीर मुद्रामा देखिएका छन् । उनको पहिरन हेर्दा आध्यात्मिक प्रकृतिको पात्र देखिन्छ ।

दिनेश नेपाली फिल्म क्षेत्रको सर्वोच्च निकाय चलचित्र विकास बोर्डका अध्यक्ष समेत हुन् । अध्यक्षमा नियुक्त भएपछि उनले काम गरेको पहिलो फिल्म नै 'एक्लो' हो ।

दुई साताअघि सार्वजनिक फिल्मको टिजरले उनी अभिनेता प्रदीप खड्काको गुरुको भूमिकामा रहेको संकेत दिएको थियो । फिल्मको कथामा उनको चरित्रले महत्वपूर्ण मोड ल्याउने निर्माण पक्षको दाबी छ । प्रदीप शाहीको लेखन तथा निर्देशनमा बनेको यो फिल्ममा दिनेश र प्रदीपसहित विजय लामा, सुनिल थापा, दीया पुन, दिनेश डिसी, सुरजसिंह ठकुरी, एवन राज उप्रेती, त्रिचु राई, कृष्णभक्त महर्जन, विनोद सुवेदी 'क्षितिज' लगायतको अभिनय देख्न सकिनेछ । फिल्ममा एनआरएन समूहको लगानी रहेको छ भने निर्मातामा प्रदीप खड्का पनि छन् ।




अंग्रेजी नयाँ वर्षको अवसर पारेर पुष १७ गतेबाट प्रदर्शन हुन लागेको यो फिल्मको कार्यकारी निर्मातामा विनोद सुवेदी 'क्षितिज' रहेका छन् । यसमा बाबु श्रेष्ठको छायांकन, रुपेश तामाङको सम्पादन, रोहित शाक्यको संगीत तथा राजु तामाङको द्वन्द्व निर्देशन छ । यो फिल्मको गत मेमा फ्रान्समा भएको विश्वप्रसिद्ध कान्स फिल्म फेस्टिभलमा स्टल नै राखेर प्रचार गरिएको थियो ।

# सुरक्षाको फ्लपमा ह्यात्रिक, 'धागो' हलमा दुई दिन पनि टिकेन




**काठमाडौं–** अभिनेत्री सुरक्षा पन्तले करिअरको सुरुवातदेखि फिल्म असफलताको दबाब अलि बढी नै सामना गर्दै आइरहेकी छन् । १० वर्ष लामो करिअरमा उनका हिटभन्दा फ्लप फिल्मको संख्या धेरै छ । यद्यपि, फिल्म असफल भए पनि उनको अभिनयले भने निरन्तर प्रशंसा बटुल्दै आएको छ । यही कारण, व्यावसायिक सफलता कम भए पनि उनी निर्माता—निर्देशकको रोजाइमा परिरहेकी छन् ।

सुरक्षाका फिल्मको असफलताको श्रृंखला यस वर्ष पनि टुटेको छैन । बैशाखदेखि कात्तिकसम्म उनका चारवटा फिल्म प्रदर्शनमा आएका छन्, बैशाख १२ गते 'खेल', भदौ १२ गते 'कोशेढुंगा', असोज ३१ गते 'जेरी अन टप' र कात्तिक २८ गते 'धागो' । यसमध्ये 'जेरी अन टप' मात्र व्यावसायिक रुपमा सफल भयो । तर, यसमा उनको छोटो भूमिका रहेकाले सफलताको श्रेय पाउन सकिनन् ।

एकै वर्षमा तीन फिल्म असफल हुँदा सुरक्षाको करिअर थप चुनौतीपूर्ण मोडमा पुगेको छ । उनका फिल्महरू दुई दिन पनि हलमा टिक्न नसक्ने अवस्थामा पुगेका छन् । 'खेल' एक साता मुस्किलले हलमा अडिएको थियो । गत शुक्रबार प्रदर्शन भएको 'धागो' भने दुई दिनमै प्रायः हलबाट उत्रिएको छ । आइतबारका लागि यो फिल्मको देशव्यापी शो एउटा मात्र छ । सोमबारलाई त्यो पनि छैन ।

७ महिनामै फ्लपमा ह्याट्रिक पूरा गरेकी सुरक्षाले अब फिल्म र टिम छनोटमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । पछिल्लो समय उनका फिल्मबारे दर्शकमाझ पर्याप्त जानकारी नै पुग्न सकेको छैन । गुपचुप शैलीमा उनका फिल्महरू रिलिज भइरहेका छन् । जसले गर्दा सुरक्षाले असफलताको भार मात्र नभइ आफ्नो कामको उचित मूल्यांकनबाट समेत बञ्चित हुनुपर्ने अवस्था सिर्जना भएको छ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १७,
२०८२ साल मंसिर २ गते मंगलबार
18 NOVEMBER 2025, TUESDAY

# चीनमा सार्वजनिक भयो ६५० किलोमिटर रेन्ज भएको जीएसी आयोन आइ६०



**काठमाडौं–** जीएसी आयोनले चीनमा नयाँ आयोन आइ६० सार्वजनिक गर्दै आफ्नो ग्लोबल लाइनअपलाई थप विस्तार गरेको छ । यो मोडेलले नेपाल जस्ता हाल आयोन भी र आयोन भी इलेक्ट्रिक एसयुभी उपलब्ध भएका बजारहरुमा ब्रान्डको उपस्थितिलाई अझै बलियो बनाउन सक्ने कम्पनीले जनाएको हो ।

आयोन आइ६० लाई पाँच सिट भएको कम्प्याक्ट एसयुभीको रुपमा प्रस्तुत गरिएको छ । र, यो प्योर-इलेक्ट्रिक तथा रेन्ज एक्सटेन्डेड (इआरइभी) दुवै भर्सनमा उपलब्ध छ । यो मोडेलले लामो रेन्ज र दक्षतालाई प्राथमिकता दिने ग्राहकहरूलाई लक्षित गर्ने कम्पनीले जनाएको छ ।


प्योर इलेक्ट्रिक भर्सनले ७५ किलोवाट आवर ब्याट्री प्रयोग गर्छ जसले अधिकतम ६५० किलोमिटर सीएलटीसी रेन्ज प्रदान गर्छ । साथै, ३० प्रतिशत बाट ८० प्रतिशतसम्म फास्ट चार्ज गर्न करिब १५ मिनेट लाग्छ ।

लामो दूरीको यात्रा गर्ने चालकहरूका लागि इआरइभी भर्सनमा १.५ लिटर इन्जिन (७४ किलोवाट आवर) र १८० किलोवाट इलेक्ट्रिक मोटरको संयोजन छ जसले २१० किलोमिटर्को प्योर इभी रेन्ज र १ हजार २४० किलोमिटरको संयुक्त कूल रेन्ज दिन्छ । डिजाइनतर्फ हेर्दा आयोन आइ६० मा स्लिम एलइडी हेडलाइट, सफा फ्रन्ट फेसिया र ऐओन वर्डमार्कसहित आकर्षक लूक दिइएको छ । ४ हजार ६८५ मिलिमिटर लम्बाई, १ हजार ८५४ मिलिमिटर चौडाई र १ हजार ६६० मिलिमिटर उचाई रहेकाले यसको 'रोड प्रेजेन्स' मजबुत देखिने कम्पनीले जनाएको छ । सेमी-हिडन डोर ह्यान्डल तथा १८ वा १९ इन्चका ह्विल विकल्पले आधुनिकता थप्ने पनि भनिएको छ । पछाडितर्फ फुल-विथ एलइडी लाइट बार र इल्युमिनेटेड लोगो गाडीको मुख्य आकर्षण भएको र वाइड-ओपनिङ ढोका र इलेक्ट्रिक टेलगेटले दैनिक प्रयोगमा सहजता ल्याउने कम्पनीको दाबी छ ।

भित्री क्याबिनमा आयोनको परिचित इन्टेरिअर डिजाइन अझ सफा र आधुनिक रूपमा प्रस्तुत गरिएको छ । यस मोडेलमा जीएसी को जीएसडी इन्टेलिजेन्ट ड्राइभिङ सुइट पनि छ । यसले हाई स्पिड नेभिगेसन ड्राइभिङ एसिस्ट, स्वचालित पार्किङ र लेन चेन्ज सपोर्ट जस्ता प्रिमियम स्तरका फीचरहरू उपलब्ध गराउने कम्पनीले जनाएको छ । आयोन भी र आयोन वाइ मार्फत नेपालमा जीएसी आयोनको उपस्थिति विस्तार हुँदै गएको कम्पनीले उल्लेख गरेको छ । यो ब्रान्डले नेपालमा आफ्नो लाइनअप थप विस्तार गर्ने निर्णय गरे आयोन आइ६० ले मध्यम आकारको इलेक्ट्रिक एसयुभी सेग्मेन्टमा बलियो प्रतिस्पर्धीको रूपमा आफ्नो स्थान बनाउन सक्ने विश्वास लिएको छ ।

# एमएडब्लू मोटर्सद्वारा बिर्तामोडमा नयाा नामी भिगो सार्वजनिक

**झापा–** डोंगफेंग नामी इलेक्ट्रिक भेहिकल्सका नेपालका लागि आधिकारिक वितरक एमएडब्लू वृद्धि मोटर्सले बिर्तामोडमा भव्य समारोहका बीच नेपालको स्मार्ट इलेक्ट्रिक एसयुभी नामी भिगो आधिकारिक रूपमा अनावरण गर्यो् । अनावरण कार्यक्रम प्रमुख अतिथि श्रीप्रसाद मैनाली, पूर्व प्रदेश सभा सदस्य , विशेष अतिथि कुमारमणि पोखे्रल, उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ (कोशी प्रदेश, एलपी उप्रेती, केन्द्रीय समिति सदस्य, प्याब्सन, दिल्लीराम मैनाली, अध्यक्ष, रोटरी क्लब, विवेक सिकारिया, प्रबन्ध निर्देशक, एमएडब्ल्यू एमएडब्ल्यू वृद्धि मोटर्सका प्रमुख कार्यकारी अधिकृत प्रशन्न पन्तले संयुक्त रूपमा सम्पन्न गरे । कार्यक्रममा व्यवसायी, ग्राहक, सञ्चारकर्मी तथा स्थानीय उद्योग (वाणिज्य क्षेत्रका प्रतिनिधिहरूको




उल्लेखनीय उपस्थिति थियो ।नामी भिगोको मूल्य रु. ३८,९९,००० निर्धारण गरिएको छ । अन्य मोडलहरु पनि रहेका छन् । मोडल अनुसारको प्राइज फरक फरक रहेको अनावरणको क्रममा बताइएको थियो ।

# टाटाको फेमिली कार सियरा छिटै सार्वजनिक हुने




**काठमाडौं–** टाटा मोटर्सले उत्पादन गरेको फेमिली कार सियरा एसयुभी छिट्टै लन्च गर्ने तयारी गरेको छ । कम्पनीले कारको 'इन्टेरियर' र अन्य फिचरहरु सार्वजनिक गरेको छ । यो गाडी नोभेम्बर २५ सार्वजनिक हुने भनिएको छ ।

यसलाई टाटाको मोडर्न लाइफस्टाइल एसयुभी भनिएको छ । सियरा कार दुई दशक अगाडि नै टाटाले बजारमा ल्याएको थियो । तर पछि यसको उत्पादन बन्द गरिएको थियो । हाल फेरि त्यही ब्रान्डमै टाटाले गाडी उत्पादन गरेको हो । कम्पनीले यो गाडी पेट्रोल, डिजल र इलेक्ट्रिक पावर ट्रेनमा संचालन हुने गरि बनाएको जनाएको छ । यसमा डुअल इन्फोटेन्मेन्ट स्क्रिन र एउटा डिजिटल ड्राइभर डिस्प्ले स्क्रिन लेआउट उपलब्ध हुने भनिएको छ । यस्तै, गाडीलाई क्याबिनलाई कम्फर्ट, स्पेस र व्यावहारिक बनाउन खोजिएको छ । कर्भमा भएको जस्तै फोर स्पोक स्टेरिङ ह्वील यसमा राखिनेछ । टाटाको लोगोसहितको टच सेन्सिटीभ कन्ट्रोल छ । गाडीको सबै सिटहरुको हेडरेस्ट एडजस्ट गर्न सकिने फिचर राखिएको छ । यसमा भएको धेरै फिचरहरु दैनिक पारिवारिक रुपमा प्रयोग हुने किसिमको भएको भनिएको छ । यो गाडीमा प्यानारोमिक सनरुफसहित जेबीएलको अडियो सिस्टम छ । गकारको अगाडिको दुवै सिट 'भेन्टिलेटेड' छ । साथै डुअल जोन क्लाइमेट कन्ट्रोल, वायरलेस चार्जिङ, रियर चार्जिङ सनशेड, ३६० डिग्री क्यामेरा, इलेक्ट्रिक पार्किङ ब्रेक र एडास लेभल २ सिस्टम उपलब्ध छ ।

# ओमोडा एण्ड जेकोको शोरुममा एनपीएलको ट्रफी, चंखेसाग ऐरीको 'हृयान्डसेक'

**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपीएल) को ट्रफी टुर आज ओमोडा एण्ड जेकोको शोरुममा पुगेको छ । काठमाडौंको उत्तरढोकास्थित शोरुममा ट्रफी प्रदर्शनमा राखिएको हो ।

ओमोडा एण्ड जेकोको नेपालका लागि आधिकारिक बिक्रेता एसपीजी अटोमोबाइल्सले ट्रफीलाई 'डिस्प्ले' गरेको हो ।

ट्रफी प्रदर्शनीमा ओमोडा एण्ड जेको ब्रान्डको ब्रान्ड एम्बेस्डर दिपेन्द्र सिंह ऐरी र शारडा ग्रपका निर्देशक गौरव शारडा र सन्दिप शारडा उपस्थित थिए ।




ओमोडा एण्ड जेको ब्रान्ड एनपीएलको दोस्रो संस्करणमा आधिकारिक ड्रिभन पाट्र्नरका रुपमा आवद्ध रहेको छ । कम्पनीले एनपीएलको पहिलो सिजनमा पनि ड्रिभन पाट्र्नर थियो । ट्रफी प्रदर्शनी कार्यक्रममा गौरव शारडाले मंसिर १ गतेदेखि हुने नेपाल प्रिमियर लिग पनि ओमोडा एण्ड जेको जोडिन पाउँदा खुशी लागेको बताए ।

'एनपीएलको गत सिजन साँच्चै प्रेरणादायी थियो । नेपालका क्रिकेट प्रशंसक र खेलाडीहरुको जोश र प्रदर्शन शक्ति देखेर हामीलाई यो राष्ट्रलाई चलाउने अटुट भावनाको सम्झना भयो,' उनले भने, 'हामी एनपीएल ट्रफी टुर चलाएर त्यो यात्रालाई अझ अगाडि बढाउन पाउँदा गर्व गर्छौं ।' एनपीएलको ट्रफी पछिल्लो समय प्रत्येक टोलीको गृहनगरमा पुगेको थियो ।

कम्पनीले एनपीएलमा देखिने एआई डगलाई पनि आज शोरुमामा प्रस्तुत गरेको थियो । सो एआई डगको नाम चंखे राखिएको छ ।

# जेनजी आन्दोलनमा क्षति पुगेको थापाथलीको टाटा शोरुमले पायो नयाा रुप

**काठमाडौं–** गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा क्षति पुगेको थापाथलीको टाटा शोरुम तयार भएको छ । टाटा गाडीको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले जेनजी आन्दोलनमा क्षतिग्रस्त बनेको सो शोरुम पुनर्निर्माण गर्ने संचालनमा ल्याउने तयारी गरेको हो ।

कम्पनीका अनुसार पुनर्निर्माणको काम अन्तिम चरणमा पुगेको र र निर्माण सकिएर शोरुम हस्तान्तरण गरेपछि संचालनमा ल्याइनेछ । कम्पनीले सो स्थानमा सबै भौतिक संरचनालाई नयाँ रुप दिएको छ । सिप्रदीले भदौ अन्तिम देखि शोरुम पुनर्निर्माण सुरु गरेको थियो ।

तिहार अगाडि नै शोरुम संचालनमा ल्याउन तयारीका अनुसार काम भइरहेको थियो । तर, चाडपर्वका कारण समय तालिका पछि सऱ्यो । कम्पनीले भदौ २४ गतेको विध्वंसमा ८ वटा गाडी र शोरुम गरि लगभग २० करोड रुपैयाँको क्षति बेहोरेको थियो ।

# निजी सम्पत्ति लुटपाट, तोडफोड र आगजनी गर्नेलाई कारबाही गर्न महासंघको आग्रह



**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघले जेनजी आन्दोलनका क्रममा उद्योग, व्यवसाय र निजी सम्पत्तिमाथि लुटपाट, तोडफोड र आगजनी गर्नेहरूलाई कारबाही गर्न माग गरेको छ ।

नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीलाई भेटेर महासंघ टोलीले सो माग गरेको हो ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल नेतृत्वको टोलीले घटनामा संलग्नहरु माथी कारबाही नगर्ने हो भने समाजमा दण्डहीनता मौलाउँदै जाने र व्यवसायी हतोत्साही हुने उल्लेख गर्दै यस विषयमा महानिरिक्षक कार्कीको ध्यानाकर्षण गराए ।

उनले घटनाको जाहेरी लिन पनि नेपाल प्रहरीलाई आग्रह गरे ।

महासंघका निवर्तमान अध्यक्ष शेखर गोल्छाले लगानीको लागि सुरक्षा पहिलो शर्त भएको भन्दै प्रहरीसँग सुरक्षा माग गरे ।

# मतदाता नामावली संकलन म्याद ५ दिन थपियो

**काठमाडौं–** निर्वाचन आयोग नेपालले मतदाता नामावली संकलनका लागि ५ दिन म्याद थप गरेको छ ।

आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार मतदाता नामावली संकलनको म्याद ५ दिन थप गरिएको हो । 'प्रधानमन्त्री, गृहमन्त्रीका साथै सरोकारवालाले मतदाता नामावली दर्ता गर्ने समय थप्न सुझाव दिइरहनु भएको थियो । मतदाता नामावली दर्ता गर्नेहरूको चाप पनि कायमै रहेको अवस्थामा ५ दिन म्याद थप गरेका हौं,' भण्डारीले बताए भने ।

यसअघि सरकारले ३० कात्तिकसम्म मतदाता नामावली दर्ताको समय तोकेको थियो । म्याद थपिएसँगै ५ मंसिरसम्म मतदाता नामावली दर्ता गर्न सकिने छ ।

वातावरण स्वच्छ राखौं ।

- धुवाँ तथा धुलो उडाउने कार्य नगरौं,
- फोहर तथा प्लास्टिकजन्य पदार्थ नजलाऔं,
- जथाभावी फोहोर नफालौं.
- कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
- घर, टोल तथा सडक सफा राखौं,
- घर वरपर बोटविरुवा लगाऔं,
- सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं,
- वातावरणप्रदूषणनियन्त्रणकालागिसामूहिकप्रयासगरौं।

सफा वातावरण, स्वस्थ जीवन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार